## संयुक्त इजलास

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कल्याण श्रेष्ठ,** ०६५-CI-०५९०, अंश, *फुर्वातिम्बा शेर्पा लामा वि. लाजिन तामाङ्नी शेर्पा*

पुनरावेदक प्रतिवादी फुर्वा तेम्बाको अविवाहित छोरी निम्बुटी पनि तेम्बा नुर्पु सरह अंशियार भएको देखिँदा फुर्वा तेम्बा, नुर्पु र निम्बुटी समेत गरी मूल रूपमा ३ अंशियार कायम रहे भएको देखिन आयो । साथै यी ३ अंशियारहरू कायम भएको अवस्थामा निज निम्बुटीले यस अदालतमा बयान गर्दा मेरो नाममा केही जग्गा छ, उक्त जग्गाबाट पिता र भाइले अंश पाउने होइन भनी लेखाएतर्फ विचार गर्दा उक्त जग्गा निजका मावलीले निजको दिदीको नाममा उक्त जग्गा दर्ता गरिदिएको र दिदी रिलामुबाट आफ्नो नाममा आएको भनी लेखाएको देखिन्छ । तर उक्त जग्गा के कति कारणले र कसरी मावलीबाट दिदी हुँदै आफ्नो नाममा आएको हो भनी कुनै तथ्ययुक्त आधार र कारण खुलाउन सकेको देखिँदैन । यसरी निजका नाममा दर्ता रहेको उक्त जग्गा के कुन व्यहोराले कहिले मावलीले दिदी रिलामुको नामबाट निज निम्बुटीको नाममा के कुन व्यहोराले कहिले दर्ता हुन आएको हो भनी खुलाउन नसकेको अवस्थामा अंशबण्डा नभएका अंशियारहरूको नाममा रहेको सम्पत्ति अन्यथा प्रमाणित नभएको आधारमा सगोलको मान्नुपर्ने ।

फुर्वा तेम्बा नुर्पु र निम्बुटी (निमबुटी) समेत मूल अंशियार ३ जना कायम गरी निजहरू तीनै जना अंशियारका नाममा रहेको सम्पत्तिलाई ३ भाग लगाई सोमध्ये तेम्बा नुर्पुको १ भागलाई ६ भाग गरी उक्त ६ भागको एक भाग प्रत्यर्थी वादी लाजिन शेर्पाले अंश छुट्ट्याई लिन पाउने अवस्थामा सो नगरी मूल अंशियार २ जना कायम गरी २ भागको १ भागबाट ६ भाग लगाई सोबाट १ भाग वादी लाजिन शेर्पाले अंश पाउने ठहऱ्याएको शुरू सिन्धुपाल्चोक जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६३।३।६ को फैसला सो हदसम्म मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी हुने ठहर्छ । प्रत्यर्थी वादी लाजिन शेर्पाले उल्लिखित ३ अंशियारका नाममा रहेको तायदाती फाँटबारीमा उल्लिखित सम्पत्तिलाई ३ भाग लगाई उक्त ३ भागको १ भागलाई ६ भाग लगाई सो ६ भागको १ भाग अंश पाउने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६९ साल पुस २ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कल्याण श्रेष्ठ,** ०६५-CI-०५९१, मानाचामल, *फुर्वातिम्बा शेर्पा लामा वि. लाजिन तामाङ्नी शेर्पासमेत*

प्रत्यर्थी वादीहरू पुनरावेदक प्रतिवादीको बुहारी तथा नातिनीहरू भई अंशियार भएकोमा विवाद देखिएन । यी वादीहरूलाई यी पुनरावेदक समेतले अंश दिनुपर्ने होइन वा यो यति अंश दिएको छ भनी वस्तुनिष्ठ आधार र कारण खुलाउन सकेको पनि देखिएन । यसरी नातामा विवाद नदेखिएको र निजहरूलाई यो यति अंश दिएको भन्ने नदेखिएबाट अंश दिनुपर्ने कुरालाई स्वीकार गरेको देखिन आउँछ । प्रत्यर्थी वादी लाजिन तामाङ्नी शेर्पाले हाम्रा पिता तथा तेम्बा नुर्पु अमेरिकामा रही मनग्य धन आर्जन गर्नु भएको र बाजे तथा ससुरालाई पठाई दिने गुर्न भएकोले हाम्रा पति तथा पिताको कमाई समेत निज बाजे तथा ससुराको जिम्मामा रहनुको साथै निज नै घरको मुख्य भै घर व्यवहार चलाउँदै आउनु

भएकोले हामीलाई मानाचामल भर्नुपर्ने दायित्व निजकै हो भनी यस अदालतमा दिएको लिखित प्रतिवादलाई यी पुनरावेदकले अन्यथा भन्न गराउन नसकेको अवस्थासमेतबाट घरको मुख्य भई व्यवहार चलाउने निज पुनरावेदकले प्रत्यर्थी वादीहरूलाई अंश नदिएसम्म पालनपोषण, हेरचार र संरक्षण गर्नुपर्ने दायित्व रहेनछ भन्न नमिल्ने ।

उल्लिखित तथ्य तथा आधारहरूबाट यी प्रत्यर्थी वादीहरूको पालनपोषण, हेरचार र संरक्षण गर्नुपर्ने दायित्व निजका लोग्ने एवं पिताको हुनुको साथै यी पुनरावेदक बाजे तथा ससुराको समेत देखिएको र वादी दावीको मानाचामलको रकम पनि उचित नै देखिएकोले प्रत्यर्थी वादीहरू बुहारी तथा नातिनीहरूलाई पुनरावेदकबाट समेत मानाचामल भराई दिनु पर्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः मञ्जिता ढुंगाना
इति संवत् २०६९ साल पुस २ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६६-CI-०२०९, करारबमोजिम रकम दिलाई पाऊँ, *रतनलाल खन्ना वि. नेपाल ल्युब आयल लिमिटेडका अधिकारप्राप्त सञ्चालक अमृतमान नकर्मी*

पुनरावेदक प्रतिवादीले मिति २०५५।४।१५ मा भएको सम्झौतालाई खन्ना ब्रदर्श नेपालगञ्जसँग भएको सम्झौता हो मसँग भएको सम्झौता होइन भनी सोको पुष्ट्याई गर्न नत वादी र आफूबीच भएको भनी स्वीकार गरेको अर्को कुनै सम्झौता पत्र पेश गर्न सकेको देखिन्छ नत खन्ना ब्रदर्श नेपालगञ्जको प्रोप्राइटरको स्वतन्त्र अस्तित्व नै देखाउन सकेको अवस्था छ। यस्तो अवस्थामा वादीले दावी गरेको सम्झौतालाई अन्यथा भन्न नमिल्ने ।

वादीले मिति २०५९।९।२१ मा सात दिनभित्र रकम भुक्तानी गर्न भनी लेखेको पत्र प्रतिवादीले मिति २०५९।९।२८ मा बुझेर पनि मनासिब समयभित्र त्यसको कुनै जवाफ दिएको देखिँदैन । यसबाट वादीले पेश गरेको हिसाब विवरणअनुरूपको रकम प्रतिवादीले वादीलाई तिर्न बुझाउनु पर्ने कुराको पुष्टि हुन आएको देखियो । उल्लिखित अवस्थामा मिति २०५५।४।१५ को करारनामा लिखतमा परेको हस्ताक्षर प्रतिवादीको अदालतबाट लिएको नमूना हस्ताक्षरसँग नमिल्ने भनी पुनरावेदक प्रतिवादीले लिएको जिकीर सम्बन्धमा विचार गर्दा पर्याप्त समकालीन दस्तखत नभएको भनी वादीको तर्फबाट यस अदालतमा निवेदन परेको देखिएको र करारनामा लिखत हुँदाको अवस्थाको समकालीन लिखतमा परेको प्रतिवादीको हस्ताक्षरसँग नमूना हस्ताक्षर नमिलोस् भनेर साविक हस्ताक्षर भन्दा फरक हुने गरी प्रतिवादीले नमूना हस्ताक्षर दिनसक्ने अवस्था हुँदा करारनामा लिखतसँग भएको हस्ताक्षरसँग प्रतिवादीको नमूना हस्ताक्षर नमिलेको भन्ने विशेषज्ञको रायलाई निर्विवाद र अकाट्य प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने हुँदा वादी दावीअनुसारको रकम यी प्रतिवादी खन्ना ब्रदर्शका प्रोप्राइटर रत्नलाल खन्नाबाट वादीलाई भराई दिने ठहर गरेको शुरू ललितपुर जिल्ला अदालतको फैसला मिलेको ठहऱ्याई वादीले राखेको (पेश गरेको) हिसाबको लेखाबाट प्रतिवादीले वादीलाई रू.५,८२,२१३।२७ (पाँचलाख बयासी हजार दुईसय तेह्र रूपैयाँ पैसा सत्ताइस) तिर्न बाँकी देखिँदा सो रकमसम्म प्रतिवादीले वादीलाई तिर्नुपर्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः मञ्जिता ढुंगाना
इति संवत् २०६९ साल पुस १ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** ०६७-CR-०२४२, आयकर, (आ.व. ०५७/५८) *आन्तरिक राजश्व कार्यालय, विराटनगरको तर्फबाट प्रमुख कर अधिकृत लक्ष्मणबहादुर बस्नेत वि. सुन्दरम् प्लाष्टिक इण्डष्ट्रिज, टंकीसिनवारी ४, मोरङ*

करदाता कम्पनीले लागत मूल्य भन्दा निकासी मूल्य कम हुनुको औचित्य तथ्ययुक्त तरिकाले पेश गर्न नसकेको तथा कर निर्धारण आदेशअनुरूप लागत मूल्यअनुसार कर तिर्न कर फछ्र्यौट आयोगमा स्वीकार गरेको देखिनुको साथै शुरू कर कार्यालयले औचित्य पेश गर्न दिएको जानकारीअनुरूप करदाताले गरेका खर्चहरू तथा विद्युत खर्च समेतको बिल भरपाई मौकैमा कर कार्यालयमा पेश गर्न सकेको नदेखिँदा तथा उक्त तथ्यलाई यो यति कारणले मौकैमा पेश गर्न नसकेको भनी कुनै जिकीरसमेत लिन नसकी विपक्षी कम्पनीलाई यस अदालतबाट तोकिएको तारिखसमेत गुजारी उक्त तथ्यलाई खण्डन गर्ने अवस्थासमेत व्यतीत गरी सो तथ्य स्वीकार गरेको देखिन आएबाट विपक्षी कम्पनीको दावी तथ्यमा आधारित देखिन आएन । यस्तो अवस्थामा पुनरावेदक आन्तरिक राजश्व कार्यालय, विराटनगरले विवादित आर्थिक वर्षको खुद आय निर्धारण गरेको तथा सो अनुरूप कर निर्धारण गरेको आदेशमा कुनै कानूनी त्रुटिको विद्यमानता नदेखिँदा उक्त आदेशलाई अन्यथा भन्न मिल्ने नदेखिने ।

विपक्षी कम्पनीले लागत मूल्यभन्दा निकासी मूल्य कम हुनुको औचत्य तथा अन्य खर्चहरू मौकैमा तथ्ययुक्त तरिकाले पेश गर्न नसकेको अवस्थामा उक्त खर्वको बिल भर्पाइ राजश्व न्यायाधीकरणमा प्रत्यक्षीकरण गरेको भन्नेसम्म उल्लेख भएकोले करदाताले उल्लिखित तथ्यको परिप्रेक्ष्यमा सो प्रमाण पेश गरी यस अदालतबाट सो प्रमाणको मूल्याङ्कन गर्न गराउन मद्दत गर्नुपर्नेमा सो नगरी यस अदालतबाट निजलाई तोकिएको तारिख समेत गुजारी बसेको पाइयो । यस्तो अवस्थामा प्रत्यर्थी करदाता सुन्दरम् प्लाष्टिक इण्डष्ट्रिजले आफ्नो दावी जिकीर प्रमाणित गर्न सकेको मान्न मिल्ने अवस्थाको विद्यमानता नदेखिने ।

शुरू आन्तरिक राजश्व कार्यालयले विपक्षी सुन्दरम् प्लाष्टिक इण्डष्ट्रिजको उल्लिखित आर्थिक वर्षको खुद आय निर्धारण गरी सो अनुरूप आयकर निर्धारण गर्ने गरेको कार्य तथा निर्णय अन्यथा नभई मिलेकै देखिँदा उक्त निर्णयलाई सदर गर्नुपर्नेमा सो नगरी शुरू आन्तरिक राजश्व कार्यालयको उक्त निर्णय तथा आदेशलाई उल्टी गर्ने गरेको राजश्व न्यायाधिकरण विराटनगरको मिति २०६४।१०।१४ को फैसला त्रुटिपूर्ण भई उल्टी हुने । शुरू आन्तरिक राजश्व कार्यालय, विराटनगरको निर्णय सदर कायम हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः मञ्जिता ढुंगाना
इति संवत् २०६९ साल पुस ३ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CR-१३०६, कर्तव्य ज्यान, *दलबहादुर थापा वि.नेपाल सरकार*

घटनास्थल लास प्रकृति मुचुल्का, लुम्बिनी डाइग्नोसिस अस्पतालले मृतकको टाउकोको CT Scan गर्दा Temporal bone Facture भन्ने उल्लेख गरेको र सोही चोटबाट मृत्यु भएको शव परीक्षण प्रतिवेदनलगायतका जाहेरी दरखास्त, मौकामा बुझिएका व्यक्तिहरूको कागज समेतका मिसिल संलग्न प्रमाण कागजहरूबाट मानबहादुर थापाको मृत्यु स्वाभाविक रूपमा नभै कर्तव्यबाट भएको देखिने ।

कुनै अभियोग लागेका व्यक्तिउपर प्रस्तुत गरिएका प्रमाणहरूले यथार्थतामा निजलाई दोषी सिद्ध गर्न सक्छ, सक्दैन र ती प्रमाणहरूको वैधानिकता कस्तो छ भन्नेतर्फ अदालत सजग रही अभियोगको मात्राको आधारमा निर्दोष व्यक्तिले सजाय पाउनु हुँदैन । तर प्रत्यक्ष र अप्रत्यक्ष प्रमाणबाट दोषी देखिएको कुनै व्यक्ति सजायबाट उम्कन हुँदैन भन्नेतर्फ पनि उत्तिकै सचेत रहनु पर्ने ।

प्रतिवादीले अदालतमा बयान गर्दा वारदातका दिन आफू घटनास्थलमा नरहेको र गोरू किन्न अन्यत्र गएको भनी जिकीर लिएतापनि सोको पुष्टि हुने कुनै प्रमाण पेश गरी जिकीरलाई प्रमाणित गर्न सकेको नपाइएकोले प्रतिवादीको जिकीर प्रमाणको रूपमा ग्राह्य हुनसक्ने नदेखिने ।

पुनरावेदक दलबहादुर थापाले नै मृतकलाई घाइते बनाएकै चोटबाट उपचारको अवस्थामा मृत्यु भएको देखिँदा शुरू प्युठान जिल्ला अदालतले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं. बमोजिमको कसूरमा ऐ.को १३(१) नं. बमोजिम सजाय गर्ने गरेको फैसलालाई सदर ठहऱ्याएको पुनरावेदन अदालत, तुल्सीपुर दाङ्गको मिति २०६७।३।२० को फैसला मनासिब देखिँदा सदर हुने ।

प्रतिवादीले आफ्नो बाबुलाई मार्नको लागि पूर्व योजना बनाएको भन्ने देखिँदैन । प्रतिवादीबाट प्रहार भएको चोटका कारण मृतक मानबहादुरको उपचारको क्रममा धेरै दिन पछि मृत्यु भएको देखिन्छ । जग्गा बकसपत्र गरिदिएका सम्बन्धमा मृतक र प्रतिवादीबीच पारिवारिक विवाद रहेको भन्ने देखिएको र उल्लिखित वारदातको प्रकृति र अवस्था समेतका आधारहरूबाट अभियोग दावीबमोजिम प्रतिवादीलाई सजाय गर्दा चर्को पर्न जाने देखिएकोले शुरू जिल्ला अदालतको रायबमोजिम पुनरावेदक प्रतिवादी दलबहादुर थापालाई १०(दश) वर्ष मात्र कैद सजाय हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६९ साल माघ ३ गते रोज ४ शुभम् ।

**इजलास नं. १**

**मा.न्या.रामकुमारप्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६५-CR-०४२०, लागू औषध खैरो हिरोइन, *नेपाल सरकार वि. सुशीलकुमार भगतसमेत*

मौकाको बरामदी मुचुल्काको आधारमा मात्र सुशीलकुमार भगतलाई आरोपपत्र माग दावीबमोजिम बरामद भएको लागू औषध खरीद गर्ने, सञ्चय गर्ने, राख्ने ओसारपसार गर्ने, निकासी पैठारी गर्ने एवं कारोवार गर्ने गरेको भनी लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(ङ) र (च) को कसूर गरेको ठहऱ्याउन नमिल्ने ।

सुशीलकुमार भगत चढेको मोटरसाइकलबाट लागू औषध बरामद भएको भन्ने तथ्यसम्मलाई स्वीकार गरी कसूरजन्य कुरालाई अधिकारप्राप्त अधिकारीसमक्ष सावित नभएको, बरामद भएको लागू औषध जाँच गर्न पठाउँदा लागू औषध हेरोइन भन्ने पुष्टि भई आएको मिसिल संलग्न जाँच प्रतिवेदनबाट देखिएको र लागू औषध बरामद गर्ने प्र.ज. अजयकुमार कुर्मी र विजय पाण्डे समेतले यी प्रतिवादीबाट लागू औषध हेरोइन बरामद भएको हो भनी बकी लेखाइदिएको समेतबाट यी प्रतिवादीको साथबाट ८ ग्राम लागू औषध बरामद भएको पुष्टि हुन आयो । आफ्नोसँगसाथबाट बरामद भएको लागू औषध बरामद भएको

तथ्यलाई यी प्रतिवादी स्वयंले स्वीकार गरेको अवस्थामा निजका साक्षी एवं वस्तुस्थिति मुचुल्कामा मानिसहरूले निजको मोटरसाइकलबाट लागू औषध होइन साडी बरामद भएको भन्ने व्यहोरा मनासिब देखिएन । बरामद भएको लागू औषधको परिमाण र निजले उक्त लागू औषध खरीद, बिक्री, निकासी, पैठारी सञ्चय गर्न लिई हिँडेको तथ्य पुष्टि नभएको अवस्थामा र दावीको लागू औषध निजले सेवन गर्न लिएको पुष्टि भई लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(छ) को कसूर गरेको भनी सजाय गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला अन्यथा देखिन नआउने ।

प्रतिवादी मुन्ना भन्ने महमद साह हुसेनको सँगसाथबाट लागू औषध बरामद नभएको, यी प्रतिवादीले अदालतमा बयान गर्दा आफूले लागू औषध कारोवार नगरेको र आरोपित कसूर समेत नगरेको भनी कसूरजन्य कुरामा इन्कार रही बयान गरेको छ । यी प्रतिवादीले सुशीलकुमार भगतको मोटरसाइकलमा लागू औषध राखेको प्रत्यक्ष रूपमा देखेको भनी अदालतमा आई बकपत्र गरेको पाइएता पनि निजले मौकामा कागज गर्दा महमद साह हुसेनले मोटरसाइकलमा सुम्सुम्याएको देखेको हुँ भनी फरक व्यहोरा लेखाएको पाइन्छ । देख्ने साक्षीको घटनाका सम्बन्धमा असमान र पृथक व्यहोराको कथनलाई प्रत्यक्ष प्रमाणको रूपमा लिन सकिने हुँदैन । तसर्थ मोटरसाइकलमा लागू औषध राखेको विवादरहित तरिकाबाट पुष्टि हुन नसकेको अवस्थामा केवल सहअभियुक्तको शंका र अनुमानको भरमा निजलाई कसूरदार ठहऱ्याउन फौजदारी न्यायको सिद्धान्तअनुकूल नहुने ।

प्रतिवादी सुशीलकुमार भगतलाई लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(छ) को कसूरमा सोही ऐनको दफा १४(१)(ङ) बमोजिम ५ (पाँच) महिना कैद र प्रतिवादी मुन्ना भन्ने साह हुसेन तेलीलाई आरोपित कसूरबाट सफाइ दिने मोटरसाइकल जफततर्फको दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः कल्पना बर्तौला
इति संवत् २०६९ साल मंसिर २६ गते रोज ३ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-CI-००८४, निषेधाज्ञा, *रामनारायण यादव वि. कोशी माध्यमिक विद्यालयसमेत*

विद्यालयको आधिकारिक दस्तावेज अर्थात् बैठक पुस्तिकासमेतको कागजातबाट विद्यालय व्यवस्थापन समितिको गठन मिति २०६५।१०।२ मा बोलाएको भेलामा विद्यार्थी संख्याको आधारमा अभिभावकहरूको उपस्थिति न्यून रहेकोले भेला स्थगित गरेको भन्ने उल्लेख भएको देखिन्छ । निवेदक रामनारायण यादवलाई निर्वाचित गरेको भन्ने कुनै माइन्यूट भएको देखिँदैन । तर मिति २०६५।११।१३ गते बसेको अभिभावक भेलाबाट मिति २०६५।११।७ गते यिनै रामनारायण यादवलाई गरेको मनोनयन पत्र बदर गरी मान्य नहुने भनी सर्वसम्मत्बाट निर्णय पारीत गरेको अवस्था देखिन्छ । यस्तो अवस्थामा यी निवेदक पुनरावेदकले जुन आशंका देखाई निषेधाज्ञाको माग गरेको हो सो कार्य नै सम्पन्न भै निज निवेदकलाई अध्यक्ष पदबाट नै हटाई सकेको कोशी माध्यमिक विद्यालयको अभिभावकहरूको भेलाको बैठक पुस्तिकाबाट देखिएको अवस्थामा पुनरावेदन अदालत, बिराटनगरबाट निवेदन खारेज

हुने ठहऱ्याई भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६९ साल असार २४ गते रोज १ शुभम् ।

- २०६६-CI-००८३, परमादेश, *रामनारायण यादव वि. कोशी माध्यमिक विद्यालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७-CI-०१५४, उत्प्रेषणयुक्त परमादेश, *लक्ष्मण यादव वि. जिल्ला शिक्षा कार्यालय, सुनसरीसमेत*

कोशी माध्यमिक विद्यालय व्यवस्थापन समितिको एक कार्यकाल ३ वर्षको हुने शिक्षा ऐन, २०२८ को दफा १२(५) मा कानूनी व्यवस्था भएको र सो विद्यालय व्यवस्थापन समितिको अध्यक्ष भएको कारण ३ वर्षको कार्यकाल माग गरेको २०६५।११।७ गतेको मितिवाट उक्त विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष भएको भन्ने मुख्य विवादित विषय सो मितिबाट ३ वर्ष व्यतीत भई समयसीमा नै पार गरिसकेको यस अवस्थामा निवेदन माग बमोजिमको आदेश जारी गर्नु पर्ने अवस्था देखिएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : श्रीप्रसाद संजेल
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६९ साल असार २४ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६६-wo-०२१४, उत्प्रेषण, *रामनारायण यादव वि. कोशी माध्यमिक विद्यालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार निर्णय भएको छ ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४-CI-०१५७, निर्णय दर्ता बदर दर्ता हक कायमसमेत, *हरिबहादुर सुवेदी वि. वीरेन्द्रराज श्रेष्ठसमेत*

ललितपुर जिल्ला इमाडोल गा.वि.स. वडा नं. ४ कि.नं. १८२ को क्षेत्रफल १-६-० र ऐ.ऐ. कि.नं. १९० को क्षेत्रफल ३-१-० दुई कित्ता जग्गा नापीमा ललितपुर चिकबल बस्ने रत्नलाल श्रेष्ठको हो । सालमा तीन मुरी धान तिरो जोती खाएको छु भनी किसानको व्यहोरामा उल्लेख भएको देखिएको छ । त्यसै गरी कि.नं. १९० को जोताहाको अस्थायी निस्साको प्रतिलिपी हेर्दा ३ मुरी कुत बुझाउन र जोताहामा रतनलाल श्रेष्ठ उल्लेख भएको देखिन्छ । प्रतिवादी हरिबहादुर सुवेदीका पिता मोही सन्तबहादुरले मिति १९७९।९।७ मा कबुलियतनामाको लिखतमा विवादित जग्गालाई तिमेल खेत भन्दै आयु गुठीको जग्गा भन्ने उल्लेख गरेको पाइयो । नापीमा सो जग्गाको फिल्डबुकमा कि.नं. १९० शन्तबहादुरकी श्रीमती डम्बरकुमारी र कि.नं. १८२ मा छोरा हरिबहादुर मोही जनिई किसानको व्यहोरामा रत्नलाल श्रेष्ठको कुत तिरी आएको भन्ने उल्लेख छ । आफैंले लेखाएको नापीको उक्त व्यहोराबाट नै प्रतिवादी मोही मात्र भएको व्यहोरा पुष्टि हुने ।

यही जग्गा २०२४ सालमा रैकर परिणत भई हा.नं. ९१४ मा तिमेल भनी दर्ता रसिद खडा भएको र जसमा ४॥ रोपनी कायम भएको पाइयो । अहिले कि.नं. १८२ र १९० गरी ४ रोपनी ७ आना कायम भएको देखिन्छ । १९७९ को कबुलियतनामा र २०२४ को हा.नं. ९१४ रसिदमा तिमेल खेत भन्ने मिले भिडेको देखिन्छ । यसै जग्गाको ७ नं. फाँटबारी भर्दा श्री काष्ठराज जोशी जनिई गुठियारमा यी वादीहरूको नाम पनि रहेको छ । जनकराज तिनै श्री काष्ठराजको सन्तान भन्ने पनि देखिन्छ ।

जग्गाधनीले रैकर परिणत नगरेको भन्ने आधारमा मोहीका हैसियतले प्रतिवादीले दर्ता गर्न जग्गा रैकर परिणत नभएको हुनुपर्ने अनिवार्य शर्त हो। तर, विवादित जग्गा २०२४ सालमा जग्गाधनीका तर्फबाट रैकर परिणत भई हा.नं. ९१४ कायम भएको देखिएको अवस्थामा विवादित कि.नं. १८२ र १९० को दुबै कित्ता जग्गा वादी पक्षबाट रैकर परिणत भई हा.नं. ९१४ कायम भएको लगतअन्तर्गतको जग्गा भएकोले दुबै कित्ता जग्गामा वादीहरूको हकको जग्गा भएको देखिने।

प्रतिवादी पक्षले विवादित जग्गाको स्वामी देखाएका रत्नलाल श्रेष्ठका हकदार रहेको वादीहरूको प्रमाण दिन नसकेको भने कथन पुनरावेदनमा उल्लेख गरेको पाइन्छ। यी पुनरावेदक प्रतिवादीको हक मोहीसम्म हो। यी वादीहरू रत्नलालका हकदार होइनन् भन्ने वास्तविक हकदार को हुन् देखाउन सकेको पाइन्न। आफूले कुत बुझाई आएको जग्गाधनी तथा निजका परिवारलाई नचिन्ने कुरा हुन सक्दैन। यस कथनले मोहीको हैसियत राख्ने प्रतिवादीको पक्षमा मालपोत कार्यालयले गरिदिएको निर्णय औचित्यपूर्ण र कानूनसंगत् छ भन्ने मान्न सकिने स्थिति नहुने।

तसर्थ १९७९ को कबुलियतनामा फिल्डबुकमा उल्लिखित व्यहोरा, रैकर परिणत गरिएको २०२४ सालको हा.नं. ९१४ समेतको आधारमा कि.नं. १८२ र १९० दुबै कित्ता जग्गामा आयु निजी गुठी जनाई वादीहरूको हक पुग्ने।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल पुस १ गते रोज १ शुभम्।

४

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री तर्कराज भट्ट,** ०६८-CI-००४४, अंश, *सीतादेवी चन्द समेत वि. रामबहादुर चन्द भन्ने भानी चन्द*

बाबु धनी चन्दका चार भाइ छोराहरूमा पुनरावदेक र प्रत्यर्थीबीच विमती भएको पाइन्न। यी वादी प्रतिवादीहरूका बाबु आमाको मृत्यु भएको र चार अंशियारमध्ये माहिलो गगन चन्द र साहिलो महावीर चन्दको पनि मृत्यु भैसकेको भन्ने देखिए पनि निजहरूका श्रीमती र छोराछोरीहरू निजहरूको अंश हक प्राप्त गर्ने अंशियार रहेको देखियो। फिरादी वादी अंशियार दाजु भाइमा कान्छो रहेको र निजले फिराद गर्दा रामबहादुर चन्द भनी फिराद गरेकोमा प्रतिवादीहरू विमती भए पनि अंशियार भएको कुरामा अन्यथा छैन। वादीले अंशवण्डा नभएको भनी दावी गरेको अवस्थामा प्रतिवादीहरूले २०२४।१०।१ मा छुट्टिई भिन्न भएको भनेको देखिन्छ। तर उक्त मिति २०२४।१०।१ मा छुट्टिई भिन्न भैसकेको भन्ने व्यवहार प्रमाणबाट पुष्टि हुन सकेको देखिन्न र प्रतिवादीहरूले त्यस्तो प्रमाण दिन सकेको पनि देखिँदैन। तसर्थ प्रत्यर्थी वादी प्रतिवादीहरू अंशियार भएको यस अवस्थामा हरेक अंशियारको जीयजीयैको अंश भाग लाग्ने नै देखिने।

वादी प्रतिवादीहरू एकासगोल परिवारभित्रका व्यक्तिहरू रहेको र निजहरू छुट्टिई भिन्न भएको व्यवहार प्रमाण वादी प्रतिवादीहरूबाट स्पष्ट गर्न नसकेकोले प्रतिवादीहरूले २०२४।१०।१ मा छुट्टिई भिन्न भएको कुरा उल्लेख गरे पनि सो उल्लिखित कुरा बाहेक छुट्टिई भिन्न भएको देखिने स्पष्ट आधार प्रमाण पेश गरी पुष्टि गराउन सकेको छैन। वण्डा हुनु नपर्ने भनी जिकीर लिएपछि जिकीर गर्ने पक्षले त्यस्तो जिकीरलाई स्वतन्त्र प्रमाणद्वारा पुष्टि गराउन सक्नुपर्ने हुन्छ। त्यसरी पुष्टि गराउन नसकेको यस अवस्थामा २०२४ सालमा वण्डा भएको भन्ने भनाइको भरमा मात्र अंशवण्डा

महलको ३० नं आकर्षित हुन सक्ने देखिन्न। उक्त अंशवण्डाको ३० नं. को कानूनी व्यवस्था हेर्दा २०२४।१०।१ मा यी वादी प्रतिवादीहरू बीच बण्डापत्र भएको कुरा भनाइमा मात्र सीमित नरही व्यवहार प्रमाणबाट नै विश्वास दिलाउन सक्नु पर्छ। तर प्रस्तुत मुद्दाका प्रतिवादीहरूले सो मितिमा बण्डापत्र भएको कुनै लिखत प्रमाण गुजार्न सकेको देखिन्न। यी वादी प्रतिवादीहरू उक्त मितिमा बण्डापत्र गरी छुट्टिएको अवस्था भए र लिखत प्रमाण भए त्यस्तो लिखत प्रमाण रजिष्ट्रेशन नभए पनि बण्डा सदर हुने हो। तर प्रतिवादीहरूले कुनै लिखत कागज पेश गरी अंशवण्डा भएको तथ्य स्थापित गराउन सकेको नदेखिने।

अंशवण्डा भएको पुष्टि र प्रमाणित गर्न नसकेको अवस्थामा अंश हक जस्तो जन्मसिद्ध अधिकारबाट बञ्चित गर्नु न्याय संगत हुँदैन। कानूनद्वारा प्रदत्त अंश हकलाई प्रतिवादीको भनाइले मात्र कुण्ठित गर्न सकिने पनि होइन। यसर्थ एकासंगोलमा रहेको अवस्थामा वादी प्रतिवादीहरूका नाममा रहेको पैतृक सम्पत्ति र सोबाट बढे बढाएको सबै सम्पत्तिमा जीयजीयै भाग बण्डा लागी अंश पाउने कुरा अंशियारहरूको नैसर्गिक अधिकार भएकोले यस्तो नैसर्गिक अधिकारलाई कुनै बहानामा कुण्ठित गर्न नमिल्ने हुँदा वादी प्रतिवादीहरूका नाममा रहेको सम्पतिमा सबै अंशियारहरूका बीचमा बण्डा लाग्ने नै देखिने।

यी वादी प्रतिवादीहरू एकासगोलका अंशियार भएको कुरामा विवाद नरहेको र निजहरू २०२४।१०।१ मा बण्डा गरी छुट्टिएको भन्ने कुनै लिखत कागज नभएको र व्यवहार प्रमाणबाट समेत छुट्टिई भिन्न भएको पुष्टि हुन नसकेको यस अवस्थामा यी वादी प्रतिवादीहरूका नाममा रहेको सम्पत्ति निजी आर्जनको भन्ने समेत नदेखिएको स्थितिमा सगोलका यी अंशियारहरू बीच वण्डा लाग्ने नै देखिँदा प्रतिवादीहरूवाट पेश भएको फाँटवारी र वादीका नाममा रहेको सम्पत्तिसमेतबाट वादीले ४ भागको १ भाग वण्डा छुट्याई लिन पाउने।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६९ साल जेठ १७ गते रोज ४ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-RC-००४५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रुद्रबहादुर क्षेत्री भन्ने रुद्रबहादुर सार्कीसमेत*

प्रतिवादी टीकाराम देवकोटाले अदालतसमक्ष बयान गर्दा प्रहरीले डरधाक कुटपीट गरी साविती गराएको भनी बयान गरेतापनि सो सम्बन्धमा कुनै घा चोट नीलडाम देखाउन सकेको अवस्था समेत नहुँदा, निजले सरकारी वकील समेतको उपस्थितिमा गरेको बयानलाई अन्यथा मान्नुपर्ने अवस्था छैन। तसर्थ निजले यी फरार प्रतिवादीहरूउपर गरेको पोललाई पनि अन्यथा मान्नुपर्ने अवस्था देखिँदैन। साथै मौकामा कागज गर्ने मणिरत्न सापकोटा समेतका वादी पक्षका साक्षीहरू तथा जाहेरवाला समेतको बकपत्रबाट सहअभियुक्त टीकाराम देवकोटाले यी फरार प्रतिवादीहरूउपर गरेको पोललाई समर्थन गरिरहेको स्थितिसमेतको आधारमा फरार प्रतिवादीहरू कुमार श्रेष्ठले मृतक बाबुराम रोकाहालाई कुटपीटसमेत गरी मार्ने क्रममा चक्कुले घाँटी समेत रेट्दै गर्दा यी विपक्षी प्रतिवादी रुद्रबहादुर सार्की समेतले मृतकको दाहिने हात समाती मार्न समेत संयोग पारिदिएको देखिँदा कुमार श्रेष्ठलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम

सर्वश्वसहित जन्मकैद र रुद्रबहादुर सार्कीलाई ऐ.महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः वसन्तजङ्ग थापा

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल बैशाख ८ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-RC-००४६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. प्रदीप मण्डलसमेत*

मिति २०६१।२।८ को वारदात कुनै विषयमा तत्काल विवाद सिर्जना भई आकस्मिक रूपमा भएको पनि देखिँदैन । मृतक जीवछ मण्डललाई मार्नुपर्छ भनी पूर्व सल्लाह गरी सोबमोजिम घटनास्थलमा भेला जम्मा भई लुकेर बसी मृतकलाई योजनामुताविक घटनास्थलमा ल्याई पुऱ्याएपश्चात् मृतकलाई प्रतिवादीहरू सबै जना मिली भूईंमा पल्टाई प्रथम प्रहार फरार प्रतिवादी शम्भु मण्डलले गरेपश्चात् सबैले पालैपालो सोही औजार गरास (ग्रास) ले हानेको भन्ने देखिएबाट निजहरूले मृतकलाई मार्ने नियत राखेको प्रष्ट देखिन्छ । निजहरूको सो कसूरमा, मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम "धार भएको वा नभएको जोखिमी हतियार गैह्रले हानी रोपी घोची ज्यान मारेमा जति जना भै हतियार छाडेको छ उति जना ज्यानमारा ठहर्छ । सर्वस्वसहित जन्मकैदको सजाय गर्नुपर्छ भन्ने व्यवस्था आकर्षित हुने देखिँदा प्रतिवादीहरू प्रदीप मण्डल र चन्द्रेश्वर मण्डललाई ज्यानसम्बन्धी महलको १३(१) नं बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः वसन्तजङ्ग थापा

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल बैशाख ८ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७- CR-०३९८, ०१५६, जीऊ मास्ने बेच्ने, *नेपाल सरकार वि. शान्ति शार्कीसमेत, दिलकुमारी ठकुरी वि. नेपाल सरकार*

जीउ मास्ने बेच्ने अपराधमा पीडित स्वयं उक्त कसूर अपराधको महत्त्वपूर्ण प्रमाण हुन्छ । प्रतिवादी दिलकुमारीको अनुसन्धान अधिकारीसमक्षको साविती बयान, जाहेरवालीको जाहेरी दरखास्त, अदालतबाट प्रमाणित मौकाको बयान कागज, बकपत्र, मौकाको कागज गर्ने जङ्गबहादुर तामाङको बकपत्र र स्वयं प्रतिवादीको अदालतको बयानसमेतबाट पुष्टि भएको अवस्था देखिँदा निज प्रतिवादीले आरोपित कसूर अपराध नगरेको भन्न मिल्ने अवस्था देखिएन । यस्तो अवस्थामा निज प्रतिवादीलाई आरोपित कसूरमा अभियोग माग दावीबमोजिमको कसूर कायम गरी सोहीबमोजिम तजबिजी १० (दश) वर्ष कैद सजाय हुने ।

मिसिल संलग्न प्रमाणबाट कुनै पनि अपराधमा प्रतिवादीले सो अपराध गर्नमा निर्वाह गरेको भूमिका र निजको संलग्नतासमेतलाई विचार गरी अदालतले कानूनले दिएको तजबिजी अधिकारको प्रयोग गरी कसूर कायम गर्ने र सजाय निर्धारण गर्ने गर्दछ । यसै क्रममा प्रस्तुत मुद्दामा पनि आरोपित कसूरमा प्रतिवादीहरूको भूमिका र संलग्नतालाई दृष्टिगत गरी सजाय गरेको देखिन आउँछ । सजायको प्रयोजन सम्बन्धित व्यक्तिलाई अपराधबोध गराउनु हो, बदला लिनु होइन । ऐनले तोकेको उपल्लो हदको सजाय नै हुनुपर्ने भन्ने सम्बन्धमा वादी पक्षले पुनरावेदन पत्रमा जिकीर लिएपनि सोको कुनै आधार दिन सकेको आउँदैन । सजायको प्रयोजन सम्बन्धित व्यक्तिलाई भविष्यमा आफूलाई सुधार्ने

अवसर दिनु हो, निजलाई समाप्त नै गरिदिने होइन । कसूरको प्रकृति र अपराध गर्नेको प्रवृत्ति तथा अवस्थाका आधारमा सजायको हद तोकिने हो । न्यायकर्ताले सजायको तल्लो हद तोक्दैमा कानूनको उल्लंघन नै भएको मान्न मिल्दैन । माथिल्लो निकायलाई सजायको हद अमिल्दो लागेमा पुनरावेदन जिकीर रहेको अवस्थामा सो परिवर्तन हुन नसक्ने होइन । तर, प्रस्तुत विवादमा पुनरावेदन अदालतले प्रतिवादीहरूलाई तोकेको सजाय परिवर्तन गर्नुपर्ने अवस्था नदेखिने ।

फौजदारी मुद्दामा दण्ड निर्धारण गर्दा विधायिकी कानूनले तोकिएको सीमाभित्र रही कसूरको प्रकृति र प्रतिवादीको उक्त कसूर अपराधमा रहेको दोषको मात्राअनुसार सजाय निर्धारण गरिन्छ । यो विशुद्ध न्यायिक स्वविवेकको विषय पनि हो । यस्तो स्वविवेकको प्रयोग गरी दण्ड निर्धारण गरेको विषयमा पुनरावेदन लाग्ने पनि होइन । त्यस्तै प्रतिवादी शान्ति सार्की वलीको घरमा पूर्व परिचित भएको कारण पीडित बस्न गएको र निज प्रतिवादी पीडितलाई बेच्ने कार्यमा अप्रत्यक्ष रूपमा संलग्न भएको देखिए पनि भारतमा निज पीडितलाई लिई गएको भन्ने नदेखिई केवल बेच्नका लागि प्रपञ्च मिलाई दिएकोसम्म देखिएको अवस्थामा उक्त कसूरमा निजको भूमिका र संलग्नतालाई दृष्टिगत नगरी कम कसूर कायम गरी अभियोग दावीबमोजिमको कसूर कायम गरी सोहीबमोजिम सजाय अन्यथा भन्न नमिल्ने हुँदा प्रतिवादी दिलकुमारी ठकुरीलाई जीउ मास्ने बेच्ने (कार्य नियन्त्रण) ऐन, २०४३ को दफा ४ को कसूर कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम १०(दश) वर्ष कैद र प्रतिवादी शान्ति सार्की वलीलाई पनि सोही ऐनको दफा ४ बमोजिमको कसूर कायम गरी साही ऐनको दफा ८(४) बमोजिम ३ (तीन) वर्ष ६(छ) महिना कैद सजाय हुने ।

इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६९ साल साउन १७ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** साधक नं. ०६८-RC-००६८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. उर्मीला थापा*

प्रतिवादी उर्मीला थापाले मिति २०६४।२।१७ गते आफ्नै मामा जाहेरवाला मानबहादुर कार्कीको ६ वर्षे छोरा (भाइ) केशव कार्कीलाई आफ्नो झोलाबाट तेलको सिसी झिकेर फाली दिएको भन्ने समेत सामान्य कुरामा एक्कासी रिस थाम्न नसकी हजुरबाको ओछ्यान मुनिबाट खुकुरी झिकी टाउकोलगायतको अङ्गमा प्रहार गरेपछि खुकुरी घटनास्थलमै फाली भागेको हुँ भनी शुरू अधिकारप्राप्त अधिकारी तथा अदालतमा समेत घटना विवरण र कारणसहितको सम्पूर्ण व्यहोरा खुलाई साविती बयान लिएको देखिन्छ । निज प्रतिवादीले घटनापछि अपराध बोध भई पश्चाताप लागी वनमा झुण्डिएर मर्ने प्रयास समेत गरेको र त्यसो गर्दा डोरी चुँडिएर मर्न नसकेको भन्ने समेत पश्चातापपूर्ण बयान गरेको देखिन्छ । जाहेरवाला निजका मामा मानबहादुर कार्कीको जाहेरी दरखास्त घटनास्थल तथा लास प्रकृति मुचुल्का शव परीक्षण प्रतिवेदनमा "Cause of death due to excessive Hemorrhage and shock due to cut injury" भन्ने समेत उल्लेख भएकोबाट मृत्युको कारण घाँटी काटिए समेतको चोटबाट अत्यधिक रक्तस्राव भई मृतकको मृत्यु भएको भन्ने देखिन आएबाट समेत निज प्रतिवादीको उक्त सावितीलाई समर्थन गरिरहेको देखिन्छ, साथै जाहेरवालालगायत गंगाप्रसाद गौतम

समेतका मौकामा बुझिएका व्यक्तिहरूले प्रतिवादीको कसूरलाई गढाउ हुने गरी गरिदिएको बकपत्र समेत यी प्रतिवादी उर्मीला थापाकै कर्तव्यबाट मृतक बालक केशव कार्कीको मृत्यु भएको भन्ने तथ्यमा कुनै विवाद नदेखिँदा निजले मृतकको व्यवहारबाट तत्काल उठेको रिस थाम्न नसकी वारदात घटाएको देखिए तापनि खुकुरी जस्तो जोखिमी हतियार प्रयोग गरेको कारण मृतकको मृत्यु भएको देखिँदा निजको सो कसूरमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. आकर्षित भई सोही नं. बमोजिम निजलाई सर्वस्वसहित जन्म कैद हुने मनासिब नदेखिने ।

प्रतिवादीको उमेर अत्यन्तै कलिलो रहेको देखिन्छ भने मृतकको व्यवहारबाट तत्काल उठेको रिस थाम्न नसकी सो घटना भएको देखिन्छ । जसबाट मानिसमा रहेको मनोविज्ञान हेर्दा कुनै बेला सामान्य घटनाले पनि अनियन्त्रित रिस उठ्न सक्ने र तत्कालको अवस्थामा ठीक बेठीक छुट्ट्याउन नसक्ने भई गम्भीर परिणामसमेत निम्त्याउन सक्ने मनस्थिति बन्न सक्छ भन्ने देखिन्छ । यद्यपि सो वारदात घट्दाको अवस्थामा कुनै पूर्व रिसइवी नरहेको पनि हुन सक्छ । प्रस्तुत मुद्दाको घटनामा पनि त्यस्तो कुनै पूर्व रिसइवी र योजना रहेको पनि देखिँदैन । आफ्नै मामाको सानो छोरा नातामा आफ्नो भाइ पर्नेसँग खेलिरहेको अवस्थामा मृतक भाइले आफ्नो झोलाको सामान चलाउन थालेपछि नगर नगर भन्दाभन्दै पनि झोलाबाट तेलको सिसी झिकेर फालिदिएको कारण एक्कासी अनियन्त्रित हुन गई प्रस्तुत जघन्य घटना हुन गएको तथ्य सो घटना क्रमले देखाइरहेको छ भने सो वारदातपश्चात् प्रतिवादीलाई अत्यन्तै पश्चाताप र ग्लनीबोध भई झुण्डिएर आत्महत्या गर्नेसम्मको प्रयास गरेको लगायतका सम्पूर्ण घटनाक्रम उल्लेख गरी यथार्थ व्यहोरा नछिपाई बयान गरिदिएकोबाट समेत न्यायकर्तालाई न्याय निरोपणमा सहयोग पुग्न गएको भन्ने समेत देखिएको अवस्था हुँदा निज प्रतिवादीलाई ठहरेबमोजिम हदैसम्मको कैद सजाय गर्दा चर्को पर्न जाने देखिँदा अति सामान्य विवादमा प्रतिवादीले रिस थाम्न नसकी मामाको छोरा भाइलाई खुकुरीले हिर्काउँदा ज्यान मर्न गएपश्चात् प्रतिवादीमा प्रायश्चित पीडा बोध देखिएको, प्रतिवादीले आपराधिक कार्यको विवरण नढाँटी खुलाई न्याय सम्पादनमा सहयोग गरेको भन्ने समेतका आधारमा प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय ठहऱ्याए पनि अ.बं. १८८ नं. ले दिएको तजबिजी अधिकार प्रयोग गरी प्रतिवादीलाई १२ (बाह्र) वर्ष मात्र कैद सजाय हुने ।

इजलास अधिकृतः बसन्तजङ्ग थापा

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६९ साल जेठ २६ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-CI-०३६२, निर्णय बदर मोही कायम, *वीरेन्द्र थपलियासमेत वि. श्रवणकुमार थापासमेत*

विवादित जग्गामा साविकदेखि विपक्षी फिरादीहरूको आमा देवकुमारी थापाले कमाई आएको भनी फिरादमा जिकीर लिएतापनि सो फिराद लेखबाटै विवादित जग्गा निर्वाणेश्वरी मन्दिरको जग्गा रहेको र निजले २०२१ सालको नापीमा आफ्नो नाममा नाप नक्सा गराउन नसकेको भन्ने देखिन्छ । गुठी संस्थान ऐन, २०३३ को दफा ३५ अन्तर्गत रहेको व्यवस्थालाई हेर्दा केही निश्चित् अवस्थामा गुठी जग्गामा गुठी भूबहाल कर लिई मोही कायम गरिदिन सक्ने अथवा दस्तूर लिई घर बनाउन दिनसक्ने लगायतका व्यवस्थाहरू रहेको देखिन्छ । कुनै ऐनको मकसद बुझ्न ऐनको कुनै निश्चित् (Particular) दफा मात्र अध्ययन गरेर पुग्दैन सो ऐनको समग्र व्यवस्थाहरूलाई अध्ययन

र मनन गर्नुपर्ने हुन्छ । ऐलानी, बाँझो समेतको जग्गाहरूमा भूबहाल लगाउन सक्ने उठाउन सक्ने अथवा त्यस्तो बहाल कर वा दस्तूर लिई मोहीमा दर्ता गरिदिन वा घर बनाउन दिनसक्ने लगायतको अधिकार गुठी संस्थानलाई रहेको देखिए पनि सो व्यवस्था गुठीको जुनसुकै जग्गाको हकमा अर्थात् मन्दिर देवस्थल धार्मिक वा सार्वजनिक प्रकृतिको जग्गाको हकमा पनि आकर्षित हुन सक्छ भनी मान्न नमिल्ने ।

गुठी संस्थान ऐन, २०३३ को दफा ३५ को उपदफा (१) मा गुठी जग्गामा भूबहाल लगाई आएकोमा संस्थानले भूबहाल लिनसक्नेसम्म व्यवस्था रहेको देखिन्छ भने प्रस्तुत मुद्दाको विवाद भूबहालसँग सम्बन्धित रहेको नभई मन्दिर समेत भएको गुठी जग्गामा घर बनाई सकेको कारणले मोही हक पाऊँ भन्ने रहेको देखिन्छ । सोही दफाको उपदफा (२) मा गुठी संस्थानको स्वीकृति लिई घर बनाई सकेको भए दस्तूर लिई मोही कायम गरिदिन सक्ने कुरा उल्लेख छ भने उपदफा (३) मा ऐलानी वा बाँझो गुठी जग्गा वा बाग बगैंचामा घर बनाउन स्वीकृति मागेमा संस्थानले दस्तूर लिई स्वीकृति दिन सक्ने र स्वीकृति नलिई घर बनाएको भए व्यक्तिको हक समाप्त भई संस्थानको हुने भन्ने व्यवस्था रहेको देखिन्छ । माथि उल्लिखित ती व्यवस्थाहरूबाट गुठीको देवस्थल देवी देवता मन्दिर तथा पर्व पूजा जात्रासँग सम्बन्धित रहेको जग्गामा पनि घर बनाउन सकिने वा घर बनिसकेको भए पनि मोही कायम गरिदिनु पर्ने भन्ने सो व्यवस्थाको आसय रहेको नपाइने ।

गुठी जग्गाहरूमा भूबहाल उठाउने कुरा होस् अथवा घर बनिसकेको गुठी जग्गामा तोकिएको दस्तूर लिई मोही कायम गरिदिन सक्नेलगायतका जुनसुकै काम कुराहरू पनि देवस्थल मन्दिररहितका गुठी जग्गाको हकमा मात्र गर्न सकिने देखिन्छ । अन्यथा मन्दिर देवस्थल रहेको जुनसुकै जग्गामा घर भएकै कारणले व्यक्तिका नाममा दर्ता हुनसक्ने वा मोही कायम हुनसक्ने समेत स्थिति हुनसक्ने हो भने त्यस्तो जग्गामा व्यक्तिको कब्जा र भोग रहेको कारणले व्यक्तिको स्थायी स्वामित्व सिर्जना हुन जाने भई ऐनको दफा २५(४) को मकसद नै विपरीत हुनजाने भई सो दफाले गरेको व्यवस्थाको कुनै औचित्य नै नरहने ।

गुठीको टिप्पणी फायल संलग्न रहेको नापीको फिल्डबुक हेर्दा किसानको महलमा निर्वाणेश्वर मन्दिर उल्लेख भएको देखिन्छ भने विरह महलमा मन्दिर भनी प्रष्टत: जनिएको देखिन्छ । जसबाट मन्दिर समेत रहेको गुठी जग्गामा विपक्षी फिरादीहरूको दावी पुग्न नसक्नु स्वाभाविक देखिन्छ । साथै उक्त साविक २०२१ सालको नापीमा मन्दिर परिसर प्रष्ट देखिएको अवस्थामा पछिको सर्वे नापीमा आफूलाई साविक कि.नं. ६ को जग्गा भनी हाल कि.नं. १२ लाई २०४४ सालको नापीमा देखाउँदा विववादास्पद र अस्वाभाविक समेत देखिन आउँदा निर्णयश्वर मन्दिर रहेको जग्गामा मन्दिर कट्टा गरी शुरू प्रतिवादीमध्ये तुइसिं मालीको नाम जोताहामा जनिने दुस्प्रयास गुठी तहबिलका कर्मचारी समेतको मिलेमतोमा भएको देखिएको भन्ने समेतका आधारमा गुठी संस्थानबाट मिति २०३८।१।१० उल्लिखित कित्ताबाट तुईसिं माली जोताहा लेखिएको बदर गरी साविक निर्माणेश्वर मन्दिर नै कायम गरिएको भन्ने समेत निर्णय भएको देखिँदा तुईसिं मालीको नाम सो लगतबाट कट्टा भैसकेको र सो निर्णय बदर गराउन सकेको अवस्था पनि नरहेको र साविक नापीमा मोहियानी कायम नभएको अवस्थामा २०४४ को नापीमा जग्गाधनी देखाई मोहीयानी हक पाउनु पर्ने भन्ने विपक्षी वादीहरूको

दावी प्रस्तुत विवादको सन्दर्भमा मुनासिब नदेखिँदा पुनरावेदन अदालत, पाटनबाट मिति २०६६।५।७ मा मोही कायम गर्ने गरेको फैसला गुठी संस्थान ऐन, २०३३ को दफा २५(४) समेतको विपरीत देखिँदा उल्टी हुने ।

इजलास अधिकृतः बसन्तजङ्ग थापा

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६९ साल जेठ २६ गते रोज ६ शुभम् ।

- यसै लगाउको ०६६-CI-०३६३, निर्णय दर्ता बदर, *गुठी संस्थान केन्द्रीय कार्यालयसमेत वि. श्रवणकुमार थापासमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** साधक नं. ०६८-RC-००७१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. झङ्गनारायण गिरी*

प्रतिवादी झङ्गनारायण गिरीले अदालतसमक्ष बयान गर्दा मृतकले कराउँदै आएको जस्तो र राइफल तानेको जस्तो लाग्यो मैले एक्कासी गोली छोडेछु भनी घटनाक्रमको तथ्यलाई केही परिवर्तन गरी भवितव्य हो कि भन्ने जस्तो भान पार्न खोजेता पनि राइफल जस्तो जोखिमी हतियारबाट गोली छोडेछु भनी बयान गरेकोलाई त्यत्तिकै गोली चल्यो होला भनी हल्का र सामान्य रूपमा लिन मिल्ने नदेखिने ।

प्रहरी हवल्दार जस्तो पदमा कार्यरत् रहिसकेको प्रतिवादीले के कस्तो अवस्थामा राइफल पड्कन सक्छ भन्ने जानकारी निजलाई उक्त समयमा थिएन होला भनी मान्न सकिने अवस्था देखिँदैन । निज प्रतिवादीले मृतकलाई गोली प्रहार गरेकोमा मुख सावितै रहेको देखिन्छ । साथै घटनास्थलमा पड्किएको गोलीको खाली खोका तथा नपड्किएका गोलीहरू २ थान रहेको लगायतका विवरण र मृतकको Autopsy Report को Cause of Death शिर्षकमा "Rifled Fire arm injury to the Abdomen" भन्ने उल्लेख भएबाट प्रतिवादीले प्रहार गरेको गोली मृतकको पेटमा लाग्न गई मृत्यु भएको तथ्य स्थापित हुन आएको देखिन्छ । सो कुरालाई मौकामा मौजुद रहेको कागज गर्ने रामकुमार उप्रेतीलगायतका व्यक्तिहरूले अदालतसमक्ष गरिदिएको बकपत्रबाटसमेत प्रतिवादीको कसूर स्थापित हुन आएको देखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. को कसूरमा सोही नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः बसन्तजङ्ग थापा

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल जेठ २६ गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** साधक नं. ०६८-RC-००७३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. अमरसिँह महरा*

मृतकको हत्या गर्नुको कारण माओवादी कार्यकर्ताको लागि जुत्तालगायतका सामान किन्न भनी मृतकहरूले ल्याएको लाखौं भारतीय रूपैयाँ हडप्नु रहेको देखिन्छ । जसमा मृतकहरूको हत्या गर्न सो घटना विवरणमा उल्लिखित जालप्रपञ्च र षड्यन्त्रपूर्ण तानावाना बुनी मृतकहरूलाई बियर खुवाई अन्तिममा sleeping tablet समेत मिसाएर फ्यान्टा पिलाएर लट्ठिएपछि आफू समेतको सहमति र सहयोगमा मृतकहरूको टाउकोमा ढुङ्गा लगायतको कडा वस्तुले प्रहार गरी महाकाली नदीमा फालिदिएको भन्ने बयानबाट सो वारदातको यथार्थ चित्रण निजको मौकाको बयानबाट छर्लङ्ग हुन्छ । प्रस्तुत मुद्दामा मृतकको लास बरामद हुन सकेको नभए पनि सो बरामद हुन नसकेको तथ्य निज प्रतिवादीहरूले घटनास्थलको भीरबाट मृतकहरूका लास महाकाली नदीमा फालिदिएको भन्ने बयानसँग तदात्म्यता रहन गएको देखिने ।

मुद्दाको वारदातसँग सम्बन्धित लास लगायतको प्रत्यक्ष दशी प्रमाण नभेटिएको देखिएतापनि घटनालाई समर्थन गर्ने अन्य परिस्थितिजन्य प्रमाण र कारणहरूको पनि महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । जस्तो प्रस्तुत मुद्दाको वारदात भारतीय रूपैयाँ लिने खाने लोभबाट ग्रस्तलाई प्रतिवादीहरूले षड्यन्त्रको र तानाबाना बुन्ने काम शुरू गरेको भन्ने कुरालाई बडाल लजका मालिक रामसिँह बडालले प्रहरीसमक्ष गरेको आफ्नो कागजमा रविन भन्ने अमरसिंह महराले फोन गरी कोठाको लागि सोधपुछ गर्दा कोठा खाली छ भनेपछि निज रविन भन्ने अमरसिँह महराले मेरो साथमा व्यापारी साथीहरू छन् भनी सोही दिन संघर्ष भन्ने मनिलाल सेजुवाल र पर्वत भन्ने वीरेन्द्र रोकायासमेत मेरो लजमा आए । रविन भन्ने अमरसिंहले राति अं. ८ बजे मेरो सुत्ने कोठामा आई भारतीय रूपैयाँ आठ लाख खैरो रङ्गको झोलामा ल्याई मलाई जिम्मा राख्न दिँदा रूपैयाँ मैले गनी जिम्मा लिँदा संघर्ष र पर्वत भन्ने वीरेन्द्र रोकायासमेत ढोकामा उभिएका थिए भनी गरिदिएको कागजलाई अदालतसमक्ष आई बयान गर्दा आफ्नो सो पूर्व कथनलाई पुष्टि हुने गरी बकी लेखाई दिएको देखिन्छ । निज गवाहले प्रहरीसमक्ष गरेको कागजको व्यहोराबाट निज रामसिंह बडाललाई प्रहरीले दबाबपूर्वक त्यस्तो कागज खडा गरेको हो कि ? भन्ने पनि देखिँदैन भने अदालतसमक्ष आई त्यसलाई समर्थन हुने गरी बक्नुपर्ने अवस्था पनि देखिँदैन । सोको अतिरिक्त जाहेरवाला विवशकुमार सेजुवाल र वस्तुस्थिति मुचुल्काका व्यक्ति करन सिंह धामी, दमनबहादुर बटाला समेतका व्यक्तिहरूले अदालतसमक्ष आई गरेको बकपत्र व्यहोराबाट समेत यी प्रतिवादी रविन भन्ने अमरसिंह रोकायासमेतको कसूर अपराधलाई समर्थन गरेको देखिने ।

प्रतिवादीको शुरूको सावितीलाई घटनास्थल विवरण, प्रमाणको रूपमा पेश भएको मिसिल संलग्न घटनास्थलको फोटोहरू, जोहरवालालगायत मौकामा बुझिएका व्यक्तिहरूले गरिदिएको बकपत्रसमेतको आधार र कारण तथा क्रमबद्ध रूपमा जोडिएको घटनाक्रमलगायतका परिस्थितिजन्य प्रमाणहरूको विवेचनाबाट समेत यी प्रतिवादीको कसूर अपराध स्थापित हुन आएको देखिँदा रविन भन्ने अमरसिंह महरालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ तथा १३(३) नं. को कसूरमा सोही नं. बमोजिम जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः बसन्तजङ्ग थापा

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल जेठ २६ गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** साधक ०६७-RC-०१०७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. महेश बाल्मिकी*

मिसिल संलग्न घटनास्थल तथा टाउको नभएको लासको प्रकृति मुचुल्का, बरामदी टाउकोको शव परीक्षण प्रतिवेदनमा Death due to sever hemorrhage भन्ने समेत उल्लेख भएबाट प्रतिवादीको साविती बयानलाई समर्थन गरिरहेको देखिन्छ । अदालतमा बकपत्र गरिदिने मौकामा कागज गर्ने मृतककी आमा सुनीता बाल्मिकीले घरमा चामल केलाएर बसिरहेको समयमा खेलिरहेको मृतक छोरालाई प्रतिवादी बाल्मिकी आई “भान्जा जाउँ हिँड घुम्न जाउँ भनी लगेका हुन् भनी छोरा विजयलाई बोलाएर दुकान लगी निजले किनिदिएको दालमोठ अरू छोरालाई दिन घरमा आई घरबाट फर्की महेश सँगै गएका हुन्” भनी लेखाई दिएको देखिन्छ भने जाहेरवाला विष्णु बाल्मिकीले पनि सोही कुरालाई समर्थन गर्दै बकपत्र गरिदिएको देखिन्छ । जसबाट निजले विजय बाल्मिकीलाई घरबाट बोलाई लगी

काटेर फालेको हुँ भन्ने निजको साविती बयान सँग सो बकपत्रको तादात्म्यता रहेको देखिन्छ । जसबाट मामा नाता पर्ने यी प्रतिवादी महेश बाल्मिकीले नै मृतक विजय बाल्मिकीलाई बोलाई लगी मामाले केही गर्दैन भन्ने विश्वासमा परी निजसँगै गएपश्चात् पूर्व योजना मुताबिक यी प्रतिवादीले मृतकलाई घाँटी काटी मारी शरीर फाली दिई अन्य व्यक्तिहरूलाई आतंकित पार्नेसमेत उद्देश्यले दाजु विनोद बाल्मिकीको घरमा समेत मृतकको टाउको ल्याई राखेको सिद्ध हुन आएको देखिँदा प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(१) नं.को कसूरमा सोही नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः बसन्तजङ्ग थापा

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल जेठ २६ गते रोज ६ शुभम् ।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CR-०१५४, ०२२४ कर्तव्य ज्यान, *नेपाल सरकार वि. भैरव सिंह बोहरा, नैनबहादुर बोहरा वि. नेपाल सरकार*

मृतक उपर यी विपक्षी प्रतिवादी भैरवसिंह समेतले हात हालेको हो कि होइन भन्ने सम्बन्धमा नयनबहादुर बोहराले शुरु अनुसन्धान अधिकारीसमक्ष वयान गर्दा भैरवबहादुर समेत भई कुटपीट गरी मारेको हो भनी पोल गरेकोमा सो पोल बाहेक अन्य थप कुनै दशी प्रमाण पेश दाखेल हुन सकेको नदेखिंदा विपक्षी प्रतिवादी भैरवसिंह बोहरा मृतक जितेन्द्रबहादुर शाहको हत्याको वारदातमा मतसल्लाह पसेको हो भनी प्रष्ट र शंकारहित तवरबाट पुष्टि हुन आएको देखिँदैन । यस स्थितिमा निजले नैनबहादुर बोहराको कुटपीट समेतबाट मृतक जितेन्द्रबहादुर शाहको मृत्यु भैसकेको जान्दा जान्दै पनि कहीँ कतै व्यक्त नगरी दवाउने छिपाउने प्रयास सम्म गरेकोले निजको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको २५ नं. आकर्षित हुने ठहऱ्याउँदै निजको हकमा सोही नं. बमोजिम रू.२०।- (बीस) रुपैयाँ जरीवाना हुने ।

नैनबहादुर बोहराले मृतकलाई बञ्चरोसमेत प्रहार गरी नमारेको भए निजले सो दशी प्रमाण बञ्चरो शंकास्पद अवस्थामा लुकाई राख्नु पर्ने स्थिति हुँदैन थियो भने निजको घर आँगनमा समेत रगत देखिनु त्यसमा लिपपोत समेत भएको देखिनु जस्ता परिस्थितिजन्य प्रमाणहरूले वारदातमा निजको संलग्नता रहेकोलाई नै इङ्गित गरिरहेको अवस्था छ । बरामदी केही कपडामा लागेको रगत निज मृतकको हो कि होइन भन्ने सम्बन्धमा कुनै प्रश्न पनि खडा भएको देखिँदैन । पुनरावेदक नैनबहादुर बोहराले मृतक जितेन्द्रबहादुर शाहलाई कर्तव्य गरी मारिसकेपश्चात् अन्त्यमा सो लासलाई थान्को लगाउन भैरवसिंह बोहरासमेतको मद्दतमा बाखे डुप्के भीरमा लगेर फालेको र सो वारदातमा प्रयुक्त भएको बञ्चरो समेत शंकास्पद रूपमा लुकाई राखेको अवस्थामा बरामद समेत भएको देखिन आएकोले निजको कर्तव्यबाट नै मृतक जितेन्द्रबहादुर शाहको मृत्यु भएको तथ्य स्थापित हुन आएको देखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको कसूर अपराधमा सोही नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

प्रतिवादीको उमेर वारदात हुँदाका बखत ५२ वर्ष भैसकेको देखिएको र तदनुसार निजको उमेर हाल लगभग ५६ वर्ष भैसकेको हुन आउने देखिन्छ भने वारदात हुँदाको अवस्था र परिस्थितिसमेतलाई विचार गर्दा, मिति २०६५।१।१७ गते यी प्रतिवादी आफ्नै घरमा रक्सी सेवन गरी बसिरहेको अवस्थामा मृतक जितेन्द्रबहादुर शाहले निज बुहारी अमृता बोहरा एक्लै सुतिरहेको कोठामा रक्सीले मात्तिएको अवस्थामा जवर्जस्ती ढोका

खोल्न खोजे पछि बुहारी अमृता जोडले चिच्याएको स्थितिमा रिसको आवेशमा आई लात मुक्कालगायत त्यही रहेको बञ्चरो समेतले प्रहार गर्दा मृतकको मृत्यु हुन पुगेको देखिँदा वारदात हुनुभन्दा पूर्व निज मृतकप्रति यी पुनरावेदक प्रतिवादीको कुनै रिसइवी थियो भन्ने पनि मिसिल संलग्न कुनै कागज प्रमाणबाट देखिन आएको छैन । संगीन प्रकृतिको अपराधमा ऐनले तोकेबमोजिमको अन्तिम तथा हदैसम्मको सजाय तोक्न सो कसूरदारले पूर्व रिस तथा इवी लिई सो रिसइवीको बदला चुकाउन पूर्व योजना र तयारी समेत गरेको हुनुपर्छ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त रही आएको पाइन्छ । प्रस्तुत मुद्दाको वारदात हुँदाको पृष्ठभूमिलाई हेर्दा उल्लिखित अवस्था रहे भएको मिसिल संलग्न कहीं कतैबाट देखिँदैन । यस परिप्रेक्ष्यमा विद्यमान मुलुकी ऐनमा रहेको अदालती बन्दोबस्तको १८८ नं. लाई हेर्दा “सर्वस्वसहित जन्मकैद वा जन्मकैद गर्नुपर्ने भएका मुद्दामा सावित ठहर अपराध गरेको अवस्था विचार गर्दा कसूरदारलाई ऐनबमोजिमको सजया दिँदा चर्को हुने देखेको कारणसहितको खुलासा लेखी अन्तिम निर्णय दिनेले पनि त्यस्तो देखेमा ऐनले हुने सजायमा घटाई तोक्न हुन्छ” भन्ने व्यवस्था रहेको पाइन्छ । अ.बं. १८८ नं. को उक्त व्यवस्थालाई हेर्दा कुनै जघन्य कसूर अपराध हुन गएको अवस्थामा पनि त्यस्तो घटना घट्नु अघि पीडित वा मृतकको तत्कालको क्रियाकलाप अभियुक्त (Acused) लाई आवेशमा आउन उक्साउने (Provoke वा induce) गर्नसक्ने खालको भई, अभियुक्त उत्तेजित भएको कारणले त्यस्तो वारदात हुन गएको खण्डमा सो वारदात हुँदाको परिस्थिति र अवस्थासमेतलाई मध्यनजर गर्दा केही विचारणीय कारणहरू उत्पन्न हुन गएको अवस्थामा न्यायकर्तालाई प्रतिवादीउपर सजाय तोक्न केही नरम नीति लिनसक्ने तजबिजी अधिकार प्रदान गरिएको देखिँदा पुनरावेदक प्रतिवादी नैनबहादुर बोहराको हकमा मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. को व्यवस्था आकर्षित हुने देखिँदा सोहीबमोजिम निज नैनबहादुर बोहरालाई १० (दश) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः बसन्तजङ्ग थापा

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६९ साल बैशाख ६ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CR-०२४७, जवर्जस्ती करणी, *लालबहादुर शाही वि. नेपाल सरकार*

Central Police Forensic Science Laboratory ले दिएको परीक्षण प्रतिवेदनको क्र.सं. ३ मा प्रतिवादी लालबहादुर शाहीले लगाएको नीलो ट्राउजरको र क्र.सं. ५ मा पीडित संगीता थापाको रक्तस्राव नमूना समेतको Central Police Forensic Science Labrotary बाट Examination (परीक्षण) भई आएको विशेषज्ञको Opinion (राय) हेर्दा सो Openion को तेस्रो हरफमा “Human Blood was detected on exhibit no 3 and 5” भनी उल्लेख भएबाट ती बरामदी चीज वस्तुसहितका दशीमा मानव रक्त देखिएको भन्ने पुष्टि भएको देखिन्छ । त्यसैगरी भेरी अञ्चल अस्पतालले जिल्ला प्रहरी कार्यालय बाँकेलाई लेखेको च.नं. २४१ मिति २०६५।७।२६ को स्वास्थ्य परीक्षण रिपोर्ट” मा पनि निज संगीता थापाको योनी बाहिर सुन्निएको, घिस्रिएको र च्यात्तिएको देखिएको, पीडितको झिल्ली च्यात्तिएको छ भन्ने समेत उल्लेख भएकोबाट पीडितलाई यी पुनरावेदक प्रतिवादीले जवर्जस्ती करणी गरेको तथ्यलाई समर्थन र पुष्टि गरिरहेको अवस्थामा प्रतिवादीले शुरू अनुसन्धान अधिकारीसमक्ष बयान गर्ने क्रममा “निजलाई करणी गर्न योनीमा लिङ्ग राख्न नपाउँदै बीर्य स्खलन

भएको" भनेका छन् भने अदालतसमक्ष बयान गर्दा, "पीडितको योनीमा आफ्नो लिङ्ग राखी छिराउन खोज्दा आधा लिङ्ग भित्र पस्यो बीर्य झर्न पाएको थिएन केटाकेटीलाई करणी गर्दा छुट्टै आनन्द आउँछ भनी करणी गरेको हुँ" भनी बयान गरेकोबाट योनीमा लिङ्ग राख्न नपाउँदै बीर्य स्खलन भएको भनेको र बीर्य झर्न पाएको थिएन भन्ने देखिएबाट उक्त दुबै स्थितिमा पीडितको योनी वा कपडामा बीर्य नपाउनु स्वाभाविकै देखिन आउँछ। यी प्रतिवादीको लिङ्गमा बीर्य पाइएको छैन भन्ने स्वास्थ्य परीक्षण रिपोर्टलाई आधार मान्दा पनि निजले अदालतमक्ष गरेको बयानमा "बीर्य झर्न पाएको थिएन" भनेको कथनसँग सो रिपोर्टको तादाम्यता रहेको देखिन आएबाटसमेत बीर्य नभेटिनु स्वाभाविकै देखिन आउँछ। साथै पीडितको योनीमा मेरो लिङ्ग जवर्जस्ती छिराउँदा निजको योनी च्यातिएको हो भनी अदालतसमक्ष गरेको बयानमा लेखाई दिएको देखिन्छ भने निज पीडितकी आमा डिल्ली थापा (नाम परिवर्तन) ले अदालतसमक्ष गरेको बकपत्रमा "छोरीको योनीबाट रगत बगिरहेको थियो के भएको भनी सोद्धा यसले करणी गरेको भनेकी हुन्" भनेबाट समेत यी पुनरावेदक लालबहादुर शाहीले पीडित संगीता थापालाई जवर्जस्ती करणी गरेको तथ्य स्थापित हुन आएको देखिँदा प्रतिवादी लालबहादुर शाहीलाई मुलुकी ऐन, जवर्जस्ती करणीको महलको १ नं. को कसूरमा ऐ.महलको ३(१) नं. बमोजिम १२ वर्ष कैद र ऐ. महलको १० नं. बमोजिम पीडितलाई क्षतिपूर्तिसमेत भराइ दिनुपर्ने।

इजलास अधिकृतः बसन्तजङ्ग थापा<br>
कम्प्युटरः मन्दिरा रानाभाट<br>
इति संवत् २०६९ साल बैशाख ६ गते रोज ४ शुभम्।

११

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६-CR-०३०९, जीऊ मास्ने बेच्ने, *बमबहादुर तामाङ वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी बमबहादुर तामाङले शुरू पुनरावेदनपत्रसाथ पेश गरेको भनिएको जुविता मेनपावर कम्पनीको भीसा, प्लेन टिकट र पासपोर्टलगायतका मिसिल संलग्न कागजातहरूबाट बेपत्ता रहेकी डिलमाया तामाङ कुवेत गएको पुष्टि भैरहेको भनी जिकीर लिएतापनि त्यसतर्फ विचार गर्दा, प्रेषित भएका उल्लिखित लिखत कागजातहरू प्रथम दृष्टिमै स्पष्ट र शंकारहित रहेको देखिँदैन भने उक्त लिखत कागजातहरू (Documents) कहाँबाट कुन स्रोत मार्फत् प्राप्त भएका हुन् भन्ने कुरा पनि प्रतिवादीले प्रष्ट गर्न नसकी भरपर्दा प्रमाणहरू नभएको देखिएकोले उक्त लिखत कागजातहरूको आधिकारिकता (Authenticity) मा नै गम्भीर प्रश्न उत्पन्न हुन गएको देखिन्छ। जसले गर्दा ती अस्पष्ट रूपमा रहेका उक्त छायाँप्रति लिखितहरूलाई शंकारहित र स्वतन्त्र प्रमाणको रूपमा ग्रहण गर्न नसकिने।

आफ्नोसँगसाथमा काममा लगाई दिने भनी विश्वास दिलाई लगिएकी पीडित डिलमाया तामाङ कहाँ छिन्? निज हालसम्म जीवित छिन् वा मृत छिन्? निजको बारेमा निज प्र.लाई जानकारी हुने हुँदा हालसम्म कुनै थाहा जानकारीप्राप्त गर्न नसकी बेपत्ता नै रहेकी देखिन्छ। निजको कुवेतमा मृत्यु भैसकेको भन्नेबारे प्रायोजकमार्फत् जानकारी प्राप्त भएको भन्ने पुनरावेदक प्रतिवादी बमबहादुर तामाङले काम गर्ने गरेको भनिएको जुबेता म्यानपावर कम्पनीको पत्र (छायाँप्रति) सम्म प्रस्तुत गरेको भएता पनि त्यो अस्पष्ट र अपुष्ठट कागजको आधारमा कुनै व्यक्तिको मृत्यु नै भैसकेको भन्न र मान्न सकिने अवस्था नदेखिने।

आफूले वैदेशिक रोजगारमा पठाउन जिम्मा लिएको व्यक्तिले त्यस्तो दुर्घटना वा भवितव्य परेको भए दूतावासमार्फत् प्रमाण प्राप्त गरी प्रेषित गर्नसम्म पर्ने थियो । २०६० चैत महिनादेखि आजसम्म त्यस्तो प्रमाणबाट पुष्टि हुन सकेको छैन । आफूसँगै बम्बईसम्म पुर्‍याएकी चेली तत्पश्चात् कहाँ गइन् त ? यदि कुवेत गएको भए कुन प्लेन, कुन फ्लाइटबाट कुन समयमा गएकी हुन् सोसम्म पनि पुष्टि गर्न सकेको पाइँदैन । कुवेत गएकी हो भनी जिकीर लिई अस्पष्ट र अपुष्ट केही कागजात पेश गर्नुलाई मात्र निजको निर्दोषिताको लागि पर्याप्त आधार मान्न नसक्ने ।

प्रतिवादी बमबहादुरले काम गर्ने म्यानपावरमार्फत् भीसा प्राप्त भई कुबेत गएकी हो भने सोही म्यानपावरले पनि आफूमार्फत् गएकी व्यक्तिको स्थिति बारे प्रष्ट रूपमा सत्यतथ्य बुझ्न नसक्ने भन्ने देखिँदैन । सोतर्फ पहल गरिएको भए सो म्यानपावरमार्फत् पनि डिलमाया कुबेत गएको होइन र गएको भए उनको के स्थिति छ भन्नेबारे थप तथ्यहरू प्राप्त हुनसक्ने अवस्था रहन्थ्यो तर त्यसतर्फ कुनै पहल र प्रयास भए गरेको नदेखिँदा निजले डिलमायालाई कुबेत पठाएको भन्ने तथ्य निर्विवाद रूपमा स्थापित हुन नसकेको हुँदा पुनरावेदक प्रतिवादीले आफू कसूरबाट बच्न सर्वप्रथम मौकामा अदालतसमक्ष उपस्थित नभइ फरार भएको तत्पश्चात् प्रहरीद्वारा पक्राउ परेपछि मात्र अदालतमा बयान गर्दा डिमलमायालाई विदेश लगी विक्री गरेकोमा इन्कारी रहे तापनि आफूले नै गोरखपुरदेखि बम्बईसम्म पुर्‍याएकोमा सावितै रहेको, यी पुनरावेदकहरू प्रतिवादी र सहअभियुक्त तारा तामाङ बीचको बयानबाट भारतको मुम्बइसम्म लगेकोमा तथ्यगत एकरूपता रहेको, पीडित डिलमायालाई कुवेत रोजगारीको लागि पठाएको भन्ने कुनै शंकारहित र तथ्ययुक्त प्रमाण पेश गर्न नसकेको समेतबाट निता भन्ने तारा तामाङको सहयोग र साथमा पीडित डिलमायालाई यी पुनरावेदक बमबहादुरले नै भारतको नगरी बम्बईसम्म पुर्‍याई रोजगारीको लागि कुवेत पठाइदिन्छु भनी बिहानै ४ बजे उठाई बहाना बनाई एउटी निर्दोष अवलालाई झुक्याई अन्यत्र लगेर बिक्री गरेको तथ्य स्थापित हुन आएको हुँदा प्रतिवादीलाई जीऊ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) बमोजिम १०(दश) वर्ष कैद हुने ।

इजलास अधिकृतः बसन्तजङ्ग थापा

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६९ साल बैशाख ६ गते रोज ४ शुभम् ।

१२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** फौ.पु.नं. ०६५-CR-०१७७, जवर्जस्ती करणी, *नेपाल सरकार वि. रामे भन्ने रामबहादुर चौधरी*

प्रतिवादीले अदालतमा गरेको बयानमा समेत अन्य प्रतिवादीहरूले जाहेरवालीलाई करणी गरेका हुन् भनी उल्लेख गरेबाट जाहेरवाली समेतसँग सँगै बसी रक्सी सेवन गर्नु र वारदातस्थलसम्म यी प्रतिवादी अरू प्रतिवादीहरूसँग साथमा रहेको भन्ने तथ्य खुलेको छ । यी प्रतिवादी वारदात हुनुपूर्व र वारदातको समयमा वारदातस्थलमा अन्य प्रतिवादीसँग उपस्थित रहेको देखिए पनि दावीबमोजिम यी प्रतिवादीले कसूर गरेका हुन् होइनन् भन्नेतर्फ विचार गर्दा जाहेरवालीले जाहेरीमा यी प्रतिवादीको नाम उल्लेख गरे पनि सो जाहेरीलाई समर्थन हुने गरी प्रहरीमा कागज गरेको देखिन आएन । जाहेरवालीले मौकामा गरेको मिति २०६१।१।१८ गतेको मौकाको कागजमा म मिति २०६०।१२।१९ गते म बजारबाट सामान किनी घरतर्फ आइरहेकी थिएँ । त्यसबेला रामे भन्ने रामबहादुर चौधरी, प्रेम चौधरीसमेतका ५ जना

आशाराम चौधरीको होटलमा बसिरहेका थिए । मसँग बच्चा पनि भएकोले बच्चालाई घरमा छोडी उक्त होटलमा पछि गएकी हुँ । त्यसबेला पनि तिनीहरू सोही होटलमा थिए । गुइते भन्ने गौरीलाल चौधरी पछि त्यहाँ आई खैनी किनी फर्केका हुन् । उनले मलाई जवर्जस्ती करणी गरेका होइनन् । उनी मलाई जवर्जस्ती करणी गरेको ठाउँमा पनि गएका होइनन् । मैले अलिकति रक्सी खाएकीले आवेशमा उनको नाम पनि लेखाएकी हुँ । निज निर्दोष हुन भनी लेखाएको देखिन्छ । उक्त कागजमा यी प्रतिवादीले पनि जवर्जस्ती करणी गरेको हो भनी किटान गढाउ गरी भन्न र लेखाउन सक्नुपर्नेमा जाहेरीमा उल्लिखित व्यक्तिमध्येका एकजना व्यक्ति विशेषले जवर्जस्ती गरेको होइन भनी लेखाएको देखिन्छ । यसरी मौकामा यी प्रतिवादीलाई गढाउ गरी कसूर गरेको हो भनी लेखाउन नसकेबाट यी प्रतिवादीउपर लगाएको आरोप स्वयं जाहेरवालीले लेखाएको उक्त व्यहोराबाट विरोधाभाषयुक्त देखिन आयो । यस्तो विरोधाभाषयुक्त भनाईलाई यी प्रतिवादीको विरूद्ध ग्राह्य प्रमाणको रूपमा ग्रहण गर्नु न्यायसंगत् नहुने ।

यी प्रतिवादी अरू प्रतिवादीहरू र जाहेरवाली सँगसँगै बसी रक्सी सेवन गर्नु, घटना हुन नदिनु पर्नेमा वारदातस्थलमा उपस्थित भई वारदात घटाउन अरू प्रतिवादीलाई सहयोग गरेको भन्ने तथ्य मौकाको कागज, घटना विवरण कागजसमेतका संकलित सबूद प्रमाणबाट पुष्टि हुन आएको हुँदा कसूरबाट पूर्णतः सफाइ पाउनसक्ने पनि अवस्था भएन । अतः वारदातको केही समय अगाडि यी प्रतिवादी प्रेमबहादुर चौधरीसँग सँगै बसेको थिएँ भनी मौकामा पक्राउ परेका गौरीलाल चौधरीलगायतले लेखाई दिएको तथा यी प्रतिवादी स्वयंले घटना घटेको समयमा अन्यत्र भएको भन्ने तथ्य पुष्टि गर्न सकेको नदेखिँदा एवं पीडितउपर जवर्जस्ती करणीको वारदात हुँदैछ भन्ने पूर्व जानकारी हुँदाहुँदै रातिको समयमा अरू प्रतिवादीसँग साथ लागी गई वारदात घटाउँन मद्दत पुऱ्याएको तथ्य पुष्टि हुन आएको हुँदा यी प्रत्यर्थी प्रतिवादी रामे भन्ने रामबहादुर चौधरीलाई मुलुकी ऐन, जवर्जस्ती करणीको ४ नं. को कसूरमा एक वर्ष छ महिना कैद सजाय हुने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६९ साल कात्तिक २१ गते रोज ३ शुभम् ।

१३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** फौ.पु.नं. ०६५-CR-०७२०, भ्रष्टाचार, *नेपाल सरकार वि. विष्णु कोइराला*

पहिलो पटक मिति २०५७।१२।१७ मा प्रेषित उजूरी २०५८।१।३ मा आयोगमा दर्ता भएको र सो समयमा भ्रष्टाचार निवारण ऐन, २०१७ कायम रहेको भए पनि मुद्दा दर्ता हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ लागू भै कार्यान्वयनमा आएको देखिन्छ । जसमा यस्ता प्रकारका भ्रष्टाचार मुद्दामा कहिलेसम्ममा मुद्दा दायर गरिसक्नु पर्ने हो भनी हदम्याद किटान गरी तोकेको अवस्था देखिँदैन । साथै यी प्रतिवादीका विरूद्ध मिति २०६१।३।१ र मिति २०६३।२।१५ मा पनि अर्थात् पछिल्लो ऐन, लागू भैसकेपछि सोही विषयमा पुनः उजूरी परेको र आयोगमा दर्ता भएको देखिन्छ । यसबाट समेत पछिल्लो ऐन नै आकर्षित नहुने भन्न सकिने देखिन आउँदैन । यसरी यी प्रतिवादीउपर भ्रष्टाचार निवारण ऐन, २०५९ लागू भएपश्चात् परेका उजूरीका आधारमा मिति २०६२।८।२९ मा अनन्तकुमार गजुरेललाई अनुसन्धान अधिकृत तोकी अनुसन्धान अघि बढाएको समेत देखिन्छ । यसबाट समेत पहिलो ऐन अर्थात् भ्रष्टाचार निवारण ऐन, २०१७ मा तोकिएको हदम्यादसम्बन्धी व्यवस्था आकर्षित हुने भन्न नमिल्ने ।

पुनरावेदक प्रतिवादी प्रमीला राई (श्रेष्ठ) विरूद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा (*नेकाप* २०६८, नि.नं. ८६९७, पृष्ठ १६७५) तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ खारेज भई मिति २०५९।३।५ मा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ लागू भैसकेपछि पनि सोभन्दा अगावैको घटनाको सम्बन्धमा अनुसन्धान, अभियोजन र न्याय निरोपणसमेत सोही समयमा प्रचलित कानूनसमेको अधिनमा रही गर्नुपर्ने समेत भनी यस अदालतबाट सो अघि प्रतिपादित सिद्धान्तलाई रूलिङ्ग समेत गरिएको पाइन्छ । यस अदालतबाट प्रतिपादित उक्त नजीर सिद्धान्त प्रस्तुत मुद्दामा आकर्षित हुने नै देखिन आयो । यसर्थ हदम्यादभित्र अदालतमा मुद्दा दायर नभएको भन्ने आधारमा शुरू विशेष अदालतले प्रस्तुत मुद्दा खारेज हुने भनी गरेको निर्णय कानूनतः मिलेको देखिन नआउने ।

प्रतिवादी विष्णु कोइरालाले बयान गर्दा निजले आफू कार्यरत् पदमा बढुवा हुन दावी गरिएको नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र आफूले पेश नै नगरेको, आफ्नो कार्यालयमा रहेको व्यक्तिगत फायलमा दावी गरिएको प्रमाणपत्र समावेश नभएको र त्यस्तो प्रमाणपत्र नै आफूसँग नभएको भनी तथा उजूरी एवं अभियोग पत्रमा दावी गरिए झैं अर्कै अमुक पदको खुल्ला प्रतियोगिताका लागि पेश गरेको फारामसँग संलग्न भएका प्रमाणपत्रहरू मेरा होइनन् भन्ने जिकीर लिएको देखिँदा उजूरी एवं अभियोग पत्रमा दावी गरिएको नक्कली भनिएको प्रमाणपत्र यी प्रतिवादी कार्यरत् पदसँग सम्बन्धित व्यक्तिगत फाइल र वैयक्तिक विवरणमा समावेश छ, छैन उक्त प्रमाणपत्रको अस्तित्व कायम रहेको छ छैन, निजले आफू कार्यरत् पदमा बढुवा जस्ता कुनै फाइदा लिन पेश गरेको छ छैन जस्ता तथ्यगत विषयमा प्रवेश गरी निष्कर्षमा पुगी यी प्रतिवादीउपर आरोप पत्रमा दावी लिएको भ्रष्टाचारजन्य कसूर ठहर हुने नहुने सम्बन्धमा तथ्यमा प्रवेश गरी निर्णय गर्नु भनी शुरूमा फिर्ता हुनुपर्ने देखिँदा प्रस्तुत मुद्दा हदम्यादको आधारमा खारेज हुने भनी शुरू विशेष अदालतबाट मिति २०६६।१।४ मा गरेको निर्णय बदर हुने ।

नक्कली भनिएको प्रमाणपत्र यी प्रतिवादी कार्यरत पदसँग सम्बन्धित निजको व्यक्तिगत फाइलमा र वैयक्तिक विवरणमा समावेश छ छैन, उक्त प्रमाणपत्रको अस्तित्व कायम रहेको छ, छैन जस्ता तथ्यगत विषयमा प्रवेश गरी निष्कर्षमा पुगी निर्णय गर्नु भनी तारिखमा रहेका प्रतिवादीलाई शुरू विशेष अदालत, काठमाडौंमा उपस्थित हुन तारिख तोकी मिसिल समेत पठाइ दिने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल कात्तिक २० गते रोज २ शुभम् ।

१४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** फौ.पु.नं. ०६५-CR-०५११, भ्रष्टाचार, *नेपाल सरकार वि. सुरेश सिलवाल*

आफ्नो हिरासतमा रहेको व्यक्तिलाई स्वयं वादीले उपस्थित गराउन नसक्ने तर अदालतले अ.बं. ११५ नं. बमोजिम बुझ्नुपर्दथ्यो भनी जिम्मेवारीबाट पन्छिई आफ्नो कमजोरी लुकाउने कार्य वादी पक्षबाट भएको प्रष्ट हुने ।

लागू औषध नियन्त्रण कानून कार्यान्वयन इकाइद्वारा गठित छानबीन समितिमा रू.२५,०००।- आफूले लिएको र रू.२५,०००।- राम वाग्ले भन्ने व्यक्तिलाई दिएको भनी कसूर स्वीकार गरेको कुरा वादी पक्षले आरोपपत्रमा जिकीर लिएको देखिन्छ । तर ती राम वाग्ले भन्ने व्यक्ति को हुन् ? कसरी निजको संलग्नता रहन गयो त्यसतर्फ अनुसन्धान गरी कसूर प्रमाणित

गराउन प्रयत्न पनि गरेको देखिँदैन । यसका साथै लागू औषध मुद्दाका प्रतिवादी राज लामा तामाङलाई उक्त मुद्दामा २ वर्ष ६ महिना कैद र एक लाख रूपैयाँ जरीवाना हुने ठहर भै काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।२।१६ मा फैसला भएको समेत देखिन्छ । यी प्रतिवादी राज लामा तामाङबाट घूस लिनुखानु पर्ने कारण र अवस्था के हो, कुन मकसदका लागि घूस खाएका हुन् भन्ने कुरा समेत वादी पक्षले स्पष्ट पार्न सकेको देखिन आएको छैन । यी प्रतिवादीले घूस लिनु खानु पर्ने आधार कारण नदेखिनुका अतिरिक्त घूस लिए खाएको तथ्यसमेत वस्तुनिष्ठ तवरबाट प्रमाणित हुन नआएको यस्तो स्थितिमा विशेष अदालतबाट प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला अन्यथा देखिन नआउने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल कात्तिक २१ गते रोज ३ शुभम् ।

१५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री कमलनारायण दास,** २०६७-CI-०३९५, अबण्डा जग्गा बण्डा गरिपाऊँ, *रामलखन यादवसमेत वि.रामलाल अहिरसमेत*

यी वादी जट्टु अहिरलगायतका प्रतिवादीका बाबु मेघा र द्वारिकाबीच मिति २०४७।२।२७ मा अंशबण्डा भैसकेको कुरामा विवाद देखिँदैन । अंशबण्डाको पारीत लिखत गर्दा कुन कुन जग्गा भागबण्डा गरेको हो । कुनकुन जग्गा निजी आर्जनको हो । कुनकुन जग्गा क-कसको भागमा परेको हो । कुनकुन जग्गा जीउनी राखिएको हो । कसको नाममा दर्ता रहेको कुनकुन कि.नं. को जग्गा हाल अंशबण्डा नगरी अबण्डा वा बण्डा हुन बाँकी राखिएको हो आदि भन्ने जस्ता कुराहरू उक्त बण्डापत्रमा खुलाइने हुन्छ । तर उक्त बण्डापत्रको कागजमा सो जग्गा बण्डा गर्न बाँकी राखिएको भन्ने कुरा कहीं कतै उल्लेख गरिएकोसम्म देखिएन । यदि उक्त सम्पत्ति बण्डा गर्न बाँकी राखिएको वा राख्नुपर्नेसम्मको कुनै कारण भए सो कुरा लिखतमा खुलाउनु पर्ने थियो । सो कुरा खुलाइएको पनि पाइदैन । अंशियारहरूका बीच बण्डा नगरी राखिएको अबण्डा जग्गाका सन्दर्भमा भाग शान्ति भोग गरेको थियौं भन्ने वादीहरूको जिकीरतर्फ विचार गर्दा सो कति कति क्षेत्रफल जग्गा अबण्डा राखिएको हो र कसकसले कतिकति क्षेत्रफल भागबण्डा गर्न बाँकी राखी भाग शान्ति भोग गरेको हो भन्ने कुरा सो पारीत लिखतमा लेखिनुपर्ने थियो । सो बण्डापत्रमा उल्लेख गरेकोसम्म पनि देखिएन । मालपोतबाट मिति २०४७।२।२७ मा र.नं. ८०२९ मा पारीत भएको लिखतमा मौकामै उल्लेख नगरेको कुरालाई वादीहरूले मौखिक सहमती भएको भनी दावी लिएको देखिन्छ । सो जग्गा अबण्डा राखिएको हो भन्ने कुरा देखिने खालका अन्य व्यवहार प्रमाणबाट पनि पुष्टि हुन सकेको देखिएन । यसरी अंशियारहरू बीच कानूनबमोजिमको पारीत लिखत भएको अवस्थामा लिखतले नै प्राथमिकता पाउने र त्यस्तो अवस्थामा मौखिक कथनको कुनै सार्थकता नरहने हुन्छ । यसको साथै वादीहरूलाई सो जग्गा साविकदेखि अस्तित्वमा थियो भन्ने सम्बन्धमा तत्काल पनि जानकारी थियो भन्ने कुरा वादीहरूकै कथनबाट पुष्टि हुन आउँदछ । यसरी विवादित जग्गा छ भन्ने कुरा अंशियारहरूकाबीचमा थाहा जानकारी हुँदाहुँदै पनि उक्त जग्गा पछि बण्डा हुने गरी अबण्डाकै रूपमा राखिएको छ भन्ने कुरा कहीं कतै खुलाइएको पनि पाइएन । यदि बण्डा गर्नुपर्ने अरू पनि जग्गा बाँकी राखिएको भए लिखत हुँदाका बखत सोही लिखतमा नै उक्त व्यहोरा प्रष्टसँग उल्लेख गरिने थियो तथापि एकासगोलका

अंशियारहरू बीच लिखित बण्डापत्र गर्दाका बखतमा नै यो यो जग्गा पछि बण्डा हुने गरी अबण्डा राखिएको छ भनी स्पष्ट रूपमा पारीत लिखतमा नै उल्लेख नभएको जग्गालाई अबण्डा राखेको रहेछ भनी अनुमान गर्न नसकिने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६९ साल भदौ २७ गते रोज ४ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको ०६७-CR-०२१२, अपहेलना, *रुदो यादवसमेत वि. रञ्जू यादव*

बाबुको मृत्युपश्चात् निवेदक रञ्जू यादव मोही कायम भएका निजले विपक्षी रुदो यादवसमेतले आफ्नो मोहीको जग्गाको धानबाली लुटपीट गर्ने आशंका रहेकोले तत्काल अन्तरिम आदेशसमेतको माग गरेकोमा पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६४।८।२ मा अन्तरिम आदेश जारी भै विपक्षीहरूका नाउँमा सूचनासमेत जारी भै गएकोमा सो जारी भई गएपछि मिति २०६४।८।१२ मा विपक्षीहबाट धान बाली काटी कटाई लुटी लगेको हुँदा अदालतको अपहेलनामा सजाय गरिपाऊँ भन्ने लिखित जवाफ रहेको पाइन्छ । प्रस्तुत मुद्दामा निवेदक र विपक्षीहरू बीचमा आपसी जस्तोसुकै सम्बन्ध भए पनि अदालतमा अन्तरिम आदेशले निषेध गरेको धानबाली सो आदेशानुसार हुनुपर्नेमा सोको विपरीत सहमतिमा निवेदकले भित्र्याएको भनी प्रतिवाद गरेता पनि विपक्षीहरूले बाली भित्र्याएको कुरा स्वीकार गरेको पाइन्छ । निवेदकले आफ्नै जग्गाको बाली आफैंले काटी कटाई भित्र्याई विपक्षी पुनरावेदकहरू उपर निषेधाज्ञा र अदालतको अपहेलना जस्तो कुराहरू दिएहोलान् भन्ने विश्वास गर्न सकिने अवस्थासमेत नहुँदा उपरोक्त आधार र कारणसमेतबाट अदालतको अपहेलनाको कसूर गरेको हुँदा विपक्षीहरूलाई जनही तजबिजी रू.२०।- का दरले जरीवानासमेत हुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६९ साल मंसिर १६ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८ सालको ०६८-MS-००२२, अदालतको अपहेलना, *नारायणमणि लामिछानेसमेत वि. जयनारायण महतोसमेत*

घरेलु तथा साना उद्योग विकास समितिले आफ्ना कर्मचारीहरूउपर कुनै विषयमा छानबीन गर्ने र निलम्बनसमेत गर्ने गरी टिप्पणी पेश गरेको समेतको कार्यहरूबाट यस अदालतको अपहेलना गरेको मान्न मिल्ने देखिएन । र, विपक्षीहरूले आफ्नो लिखित जवाफमा अदालतको आदेशको सम्मान गर्छौं आफ्नो कामकारवाहीबाट यदि अदालतको अपहेलना भएको लागेमा क्षमायाचना गर्छौं भनी उल्लेख गरेको समेत देखिन्छ । यस्तो अवस्थामा विपक्षीहरूको यो कार्य वा क्रियाकलापबाट अदालतको अपहेलना भयो भन्ने कुरा निवेदकले देखाउन नसकेको अवस्थामा अपहेलना जस्तो विषयमा दोषी ठहर गर्नु न्यायोचित् नहुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६९ साल कात्तिक १६ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको ०६५-CR-०४६३, चेक अनादर, *महेश्वरलाल श्रेष्ठ वि. विष्णु महर्जनसमेत*

प्रतिवादीतर्फबाट मनासिब समयभन्दा ढिलो गरी वादीको दावी परेको भन्ने जिकीर भएतापनि त्यस सम्बन्धमा हेर्दा विनिमय अधिकारपत्र ऐन, २०३४ को दफा १०८ मा हदम्याद शीर्षकमा "विनिमय अधिकारपत्र सम्बन्धी मुद्दा सो गर्नुपर्ने कारण परेको मितिले ५ वर्षभित्र दायर नगरेमा लाग्ने छैन" भन्ने व्यवस्था रहेको देखिन्छ। प्रस्तुत मुद्दामा मिति २०५४।११।२० को चेकको भुक्तानी नभएपछि मिति २०५८।१०।२५ मा फिराद परेको देखिँदा ऐनले तोकेको ५ वर्षको हदम्यादभित्रै नालिस परेको देखिएकोले अन्यथा मान्न नमिल्ने।

प्रतिवादी बनाइएका एकजना अनिललाल श्रेष्ठले म्यादभित्र प्रतिउत्तर नफिराई नालिस जिकीर नगरी वा वादी दावीलाई नै स्वीकार गरी बसेको देखिएको छ भने अर्का प्रतिवादी विष्णु महर्जनले प्रतिउत्तर फिराउँदा मैले चेक दिएको होइन भने पनि अदालतमा अ.बं. ७८ नं. बमोजिम बयान गराउँदा चेकमा भएको सहिछापको विषयमा कीर्ते वा जालसाज हो भनी भन्न सकेको नपाइने।

चेक आफूले सहिछाप नगरेको भए त्यो जिकीर लिई पुष्टि गराउनु पर्नेमा सो गरेको पाइँदैन। पुनरावेदन अदालतबाट फैसला गर्दा फ्याक्ट्रीलाई आफूले ऋण दिएको सम्बन्धमा कुनै प्रमाण पेश हुन सकेको छैन भन्ने आधार उल्लेख गरिएको पाइन्छ। तर रीतपूर्वक चेक खिच्ने "ड्रअर" ले आफूले कुनै रकम तिर्नु नपर्ने व्यक्तिलाई त्यसरी रकम र मिति सबै उल्लेख गरी आफ्नो सहिछापसमेत गरी चेक त्यत्तिकै दिएको रहेछ भनी मान्न मिल्ने देखिँदैन। त्यो चेक किन र के बापतमा काटिएको हो भन्ने विषय न्यायिक निरोपणको विषय नहुने।

जुन खाताबाट चेक भुक्तानी हुने गरी चेक काटिएको हो सो खातामा जम्मा रहेको निक्षेप रकमबाट भुक्तानीको लागि बैंकसमक्ष प्रस्तुत भएको चेकमा लेखिएको रकम भुक्तानी गर्न पुग्ने पर्याप्त निक्षेप नभएको अवस्थामा चेक खिच्ने व्यक्तिलाई सम्पर्क गर्न बैंकले अनुरोध गर्ने गरेको देखिन्छ। यस्तै प्रचलन हाम्रो बैंकिङ प्रणालीमा पनि अपनाउने गरिएको र खातामा पर्याप्त रकम नभएको अवस्थामा चेक खिच्ने व्यक्तिलाई सम्पर्क गर्नु भनी चेकको भुक्तानी लिन आउनेलाई बैंकहरूले अनुरोध गर्ने गरेको देखिन्छ र प्रस्तुत विवादमा पनि चेक फिर्ता गर्दा वादीलाई दिइएको जानकारी पत्र (मेमो) मा सोही व्यहोरा उल्लेख गरेको देखिएकोले चेक खिच्ने (ड्रअर) सँग सम्पर्क राख्नु (Refer to drawer) भन्नुको अर्थ खातामा पर्याप्त रकम नभएकोले बैंकले चेक फिर्ता गरेको रहेछ भन्ने कुराको न्यायिक अनुमान गर्नुपर्ने।

कम्पनी कानूनी व्यक्ति भएको, त्यस्तो कानूनी व्यक्तिले स्वयं गल्ती नगर्ने तर सोका सञ्चालकहरूले नै कम्पनीको तर्फबाट कार्य गर्ने हुनाले प्रस्तुत विवादमा कम्पनीको तर्फबाट कार्य गर्ने व्यक्ति नै जिम्मेवार हुने देखिँदा प्रस्तुत मुद्दामा पनि बैंकमा रहेको खातामा रकम नभएको अवस्थामा चेक काट्ने कार्य गर्ने कम्पनीका सञ्चाल नै मुख्य दोषी हुने।

कुनै पनि व्यक्ति वा संस्थाले आफूले काटेको चेकको भुक्तानी होस् भन्ने अपेक्षा गरी चेक काट्नु पर्नेमा खातामा पैसा नभएको वा मौज्दात नै नभएको नराखेको खाताको चेक काटेको हुँदा यसरी चेकको अनादर हुने गरी चेक काट्नु हुँदैन भन्ने सम्बन्धमा *नेकाप* २०६७ नि.नं. ८३६१ पृष्ठ ६८७ सुरेन्द्रचन्द्र पौडेल विरूद्ध नेपाल इन्भेष्टमेन्ट बैंक लि.समेत भएको उत्प्रेषण परमादेश मुद्दामा "विश्वसनीय आधार र कारण नभई जारी गरेको चेकको भुक्तानी रोक्का गर्न छूट दिने हो भने बैंकमार्फत् हुने भुक्तानी प्रणालीमा अविश्वास पैदा भई सम्पूर्ण बैंक तथा वित्तीय प्रणालीको

सञ्चालनमा नै नकारात्मक असर पर्न सक्ने भन्ने सिद्धान्त प्रतिपादन भैरहेको अवस्था हुँदा बैंकमा पर्याप्त निक्षेप नभएको अवस्थामा भुक्तानी हुन नसक्ने चेक काटी प्रतिवादीहरूले वादीलाई दिएको कुरामा विवाद देखिएन । प्रस्तुत मुद्दामा वादीलाई मिति २०५४।११।३० को दिन रू.१२,३९,०००।- को ८/२० २९९६१८ नं. को राष्ट्रिय वाणिज्य बैंक बानेश्वर शाखाको चेक काटी दिने प्रतिवादीहरू विष्णु महर्जन र अनिललाल महर्जनले माथि उल्लेख भएअनुसार आफैंले आफ्नै कम्पनीको नामको चेक खिची वादीलाई सहिछापसमेत गरी चेक दिएको तथा उक्त बैंकको खातामा रकम नभएको कारण चेक साट्न नसकेको देखिँदा चेक अनादर गरेको ठहऱ्याउनु पर्नेमा सो नगरी वादी दावी पुग्न नसक्ने ठहर गरेको काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६३।९।१० को फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई साँवा रू.१२,३९,०००।- र राष्ट्रिय वाणिज्य बैंक, बानेश्वर शाखाले मिति २०५५।३।३ मा लेखेको चेक फिर्ती भएको मितिदेखि भराउ हुँदाको मितिसम्मको लेनदेन व्यवहारको महलको ४ नं. र ७ नं. बमोजिम १० प्रतिशतका दरले हुने ब्याज रू.१२,३९,०००।- समेत जम्मा रू.२४,७८,०००।- वादीले प्रतिवादीहरूबाट भरि पाउने ।

बैंकमा रहेको खातामा पर्याप्त निक्षेप नभएको अवस्थामा चेक काटी वादीलाई दिएको कुरा निर्विवाद रूपमा स्थापित भई चेक अनादर गरेकोले प्रतिवादीहरूलाई विनिमय अधिकार ऐन, २०३४ को दफा १०७(क) अनुसार जनही रू.१,५००।- जरीवाना हुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६९ साल कात्तिक १६ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको ०६६-CR-०८८६, बहुविवाह, *रामजीप्रसाद उपाध्याय वि. नेपाल सरकार*

प्रतिवादी रामजीप्रसादले आफूले जेठी श्रीमतीसँग सल्लाहले विवाह गरेको र निजलाई विवाह हुँदैको अवस्थामा जानकारी भएकोले अभियोग दावी खारेज हुनुपर्दछ भन्ने जिकीरका सम्बन्धमा हेर्दा निजले सल्लाहले विवाह गरेको भने पनि निज सरस्वतीको मञ्जूरी भएको भए जाहेरी नै दिने अवस्था पर्ने थिएन अर्कोतर्फ मिति २०६१।८।२२ मा यी पुनरावेदक प्रतिवादी रामजीप्रसाद उपाध्यायले अर्का प्रतिवादी रीना अधिकारीसँग चितवनमा विवाह गरेको कुरा निज जाहेरवालीलाई उही बेलामा थाहा थियो भन्ने जिकीर लिए पनि त्यसको वस्तुनिष्ठ आधार देखाउन सकेको पाइँदैन । जाहेरवालीले अदालतमा बकपत्र गर्दासमेत मिति २०६१।१०।२९ मा छोराको जन्मदर्ता गर्ने बेलामा दोस्रो विवाह गरेको थाहा भएको हो भन्ने व्यहोरा उल्लेख गरेको पाइन्छ । पुनरावेदकले आफूले जेठी श्रीमतीलाई पनि अंशसमेत दिई मिलापत्र गरिराखेको छु सल्लाहले नै विवाह गरेको भने पनि दोस्रो विवाह गर्न पाउने अवस्थाभन्दा बाहिर गएर कसूर गरिसकेपछि त्यसलाई उन्मुक्ति दिन कानूनले नमिल्ने भएकोले निजले गरेको कसूरजन्य अपराधबाट सफाइ पाउने आधार अंश मुद्दाको मिलापत्र हुन नसक्ने ।

जिल्ला अदाललतबाट फैसला भइसकेपछि पुनरावेदन अदालतमा सो शुरूको फैसला विचाराधीन रहेको अवस्थामा जाहेरीको विपरीत जाहेरवालीबाट परेको निवेदन कुनै पनि मूल्यको प्रमाण होइन । अदालतमा केवल प्रमाणको महत्व हुन्छ, सिफारिशको होइन प्रमाण पनि विधिसम्मत् प्रक्रियाबाट मिसिलमा प्रवेश गरेको भएमा मात्र

अदालतले त्यसमा ध्यान केन्द्रित गर्नुपर्ने हुन्छ । त्यसमा पनि प्रस्तुत सरकार वादी मुद्दामा जाहेरवालीको हैसियत सरकारी गवाहको भन्दा बढी केही हुँदैन । यस्तो स्थितिमा पुनरावेदन अदालतमा सरकारी गवाहको प्रतिकूल अभिव्यक्तिले कुनै प्रामाणिक हैसियत राख्न सक्दैन । यस्ता सिफारिशी कथनले न्यायिक प्रयोजनका लागि कुनै पनि महत्त्व हैसियत राख्न नसक्ने ।

पुनरावेदक प्रतिवादी रामजीप्रसाद उपाध्यायले घरमा जेठी श्रीमती हुँदाहुँदै अर्का प्रतिवादी रीना अधिकारीलाई दोस्रो विवाह गरेको देखिँदा निज प्रतिवादी रामजीप्रसाद उपाध्यायलाई बिहाबारीको १० नं. ले एक वर्ष कैद र रू.१५,०००।- (पन्ध्र हजार) जरीवाना हुने तथा अर्का प्रतिवादी रीना अधिकारी उपाध्यायले अभियोग दावीबाट सफाइ पाउने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६९ साल कात्तिक १६ गते रोज ५ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६६-WO-०१७१, उत्प्रेषणलगायत परमादेश, *रामकिशोर यादव वि. नेपाल यादवसमेत*

अपुताली हक कायम खिचोला मेटाई चलन चलाई मुद्दा मिति २०६५।२।१३ मा दायर भई प्रक्रिया अगाडि बढ्नु भन्दा पहिला नै मूल रूपमा यिनै अंशियारहरू मध्येका जेठा दुलारे अहिरको छोरा यी निवेदक नेपाल यादव, माहिला अधारे अहिरको श्रीमती पार्वती अहिरको स्याहारसुसार गरी हक खाने भनिएको कमला अहिरनीबीच लेनदेन मुद्दा चली मिति २०६४।९।१७ मा फैसला भई सोउपर पुनरावेदन नपरी अन्तिम भएपश्चात् लेनदेनको उक्त फैसलाबमोजिम बिगो भरिभराउतर्फ मिति २०६५।१।३१ मा निवेदन परी कारवाही चलिसकेको देखिन्छ । अर्थात् अपुताली हक कायम मुद्दा मिति २०६५।२।१३ मा दायर हुनु अगावै मिति २०६५।१।३१ मा नै बिगो भरिभराउतर्फको कारवाही शुरू भैसकेको देखिन आयो । यसरी २०६५।१।३१ मा लेनदेन मुद्दाको बिगो भरिभराउतर्फको कामकारवाही शुरू भई मिति २०६६।७।२९ मा सो बिगो भरिभराउको कामकारवाही समेत टुङ्गो लागी सकेको उक्त लेनदेन मुद्दाको बिगो भरिभराउसम्बन्धी मिसिलबाट देखिन आएको हुँदा प्रस्तुत मुद्दामा विवादको विषय फैसला कार्यान्वयनसम्बन्धी रहेकोमा हाल शुरू लगाउमा रहेको लेनदेन मुद्दामा बिगो भरिभराउसम्बन्धी सम्पूर्ण कामकारवाही समेत समाप्त भैसकेकोले प्रस्तुत रिट निवेदन मागउपर विचार गरिरहनु पर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः वसन्तजङ्ग थापा

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६९ साल कात्तिक १७ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६६-WO-०३७९, उत्प्रेषणयुक्त परमादेश, *गुलजार राउत वि. विनोदकुमार सिंहसमेत*

लेनदेन र अंशसम्बन्धी अलग-अलग मुद्दाको जरीयाबाट प्रस्तुत रिट निवेदनको विवादको विषय उठेको भएतापनि प्रस्तुत विवादको मूल जरीया रहेको लेनदेन मुद्दाको बिगो असूलीसम्बन्धी मिसिल हेर्दा वादीले बिगोबापत देखाएको प्रतिवादीको नामको घर जग्गा समेत वादीले सकार गर्नुको साथै प्रतिवादीले कृषि विकास बैंक जनकपुरबाट लिएको ऋणबापत भरिभराउ हुँदासम्मको साँवा ब्याज समेत वादीले दाखिला

गरेको भन्ने समेत आधार र कारण खुलाई बिगो भरिभराउको कार्य सम्पन्न भैसकेको भनी धनुषा जिल्ला अदालतबाट मिति २०६७।५।२० मा तामेली पर्चासमेत खडा भैसकेको अवस्था यसैसाथ संलग्न धनुषा जिल्ला अदालतको बिगोसम्बन्धी मिसिलबाट देखिँदा प्रस्तुत मुद्दाको औचित्यमा प्रवेश गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः वसन्तजङ्ग थापा

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६९ साल कात्तिक १७ गते रोज ६ शुभम् ।

- यसै लगाउको मिति ०६६-WO-१३५९, उत्प्रेषणयुक्त परमादेश, *विनोदकुमार सिंह वि. गुलजार राउतसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

३

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-WO-१२१४, उत्प्रेषणयुक्त आज्ञा आदेश जारी गरिपाऊँ, *अन्नपूर्ण भेजिटेवल प्रोडक्टस् प्रा.लि.को तर्फबाट शिवचन्द्र पण्डित वि. सुखाडी महतो कोइरीसमेत*

सम्बद्ध अंशियारहरू बीच अंश मुद्दासमेत चली अंशबण्डाको खण्ड तथा भाग तल माथि घटबढ हुनसक्ने जे जस्तो स्थिति भएता पनि उक्त मुद्दाहरू अंशियारहरू बीच फैसलाबमोजिम अंश भाग पाउने हकाधिकारको सिर्जना भइसकेपश्चात् पनि जानाजान त्यस्तो हक अधिकारमा आघात पर्ने गरी फैसला कार्यान्वयन नहुँदाको स्थितिमा राजीनामा वा जे जस्तो तरिकाबाट सम्बन्धित पक्षको अंश हक मर्ने गरी हक हस्तान्तरण गरिदिएको स्थितिमा जिल्ला अदालतबाट जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८(क)(१) बमोजिम सो हस्तान्तरणलाई बदर गरिदिएको स्थिति देखिन्छ । जिल्ला अदालतले नियमावलीको उक्त नियम ७८(क)(१) को व्यवस्था हेर्दा "फैसला कार्यान्वयनको अवस्थामा रहेको कुनै मुद्दासँग सम्बन्धित चल वा अचल सम्पत्तिको हक कुनै किसिमबाट हस्तान्तरण गरिएको भएमा मुद्दाका पक्षले निवेदन दिएमा अदालतले त्यस्तो सम्पत्ति लेनदेन गर्ने व्यक्तिलाई सात दिने म्याद जारी गरी बुझी सोही मिसिलबाट कारवाही र किनारा गर्न सक्नेछ" भन्ने व्यवस्था गरेको देखिन्छ । जसबाट फैसलाबमोजिम बण्डा छुट्ट्याउन बाँकी नै रहेको सम्पत्तिको हक हस्तान्तरण गरी लिनेदिने व्यक्तिको कुरा सुनी गर्नुपर्ने कारवाही गर्न र उत्पन्न हुन गएको विवादमा विषयसमेत सोही मिसिलबाट किनारा लगाउनसमेत सक्ने अधिकार जिल्ला अदालतलाई रहेको देखिँदा कानूनबमोजिमको भए गरेको मिति २०६६।९।७ को कामकारवाही तथा आदेशलाई पुनरावेदन अदालतबाट मिति २०६७।२।२० मा भएको आदेशले अन्यथा गरेको नदेखिँदा जिल्ला तथा पुनरावेदन अदालतबाट कानूनबमोजिम भए गरेको काम कुराबाट यी निवेदकको हक अधिकारमा अपूरणीय क्षति भयो भनी मान्न सकिने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः वसन्तजङ्ग थापा

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल कात्तिक १७ गते रोज ६ शुभम् ।

## एकल इजलास

१

**मा.न्या. श्री रामकुमार प्रसाद शाह,** २०६९-WH-००३५, बन्दीप्रत्यक्षीकरण, *कृष्ण गोतामेको हकमा भगवती गोतामे वि. जिल्ला प्रहरी कार्यालय, भक्तपुरसमेत*

पूर्व आदेशबमोजिम झिकाइएको स.फौ.नं. २७/७६ को कृष्णहरि बादेको जाहेरीले नेपाल सरकार

प्रतिवादी कृष्ण गौतमसमेत भएको जवर्र्जस्ती करणी मुद्दाको सक्कल मिसिल हेर्दा जिल्ला काठमाडौं लप्सीफेदी गा.वि.स.वडा नं १ बस्ने कृष्ण गौतमसमेतले जवर्जस्ती करणी गरेको भनी जाहेरी दरखास्त परेकोमा निज कृष्ण गौतमले आफूले पीडित लक्ष्मीकेशरी वादेलाई जवर्जस्ती करणीको अपराधजन्य कार्य गरेको भनी प्रहरीमा बयान कागज गरी अदालतमा समेत करणी गरेकोमा स्वीकार गरी सो करणी लक्ष्मीकेशरीको सहमतिमा गरेको हो भनी बयान गरेको देखिन्छ। निजले बाबुको नाम बालकृष्ण गौतम मेरो नाम कृष्ण गौतम हो भनी उक्त मुद्दाको अनुसन्धान तहकीकात हुँदा र अदालतमा बयान गर्दा समेत उल्लेख गरेको उक्त मुद्दामा निजले गरेको बयानबाट देखिन्छ। साथै निजले प्रहरी तथा अदालतमा बयान गर्दा समेत आफू आरोपित कसूरको अभियोग लागेको व्यक्ति कृष्ण गौतम नभई अन्य कृष्ण गोतामे भएको भनी स्वयंले भन्न र अन्यथा जिकीर लिन सकेको पाईदैन। हाल कारागारमा कैद सजाय भोगिरहेको निज कृष्ण गौतम स्वयंले आफू अभियोग लागेको व्यक्ति नभई अन्य निर्दोष व्यक्ति रहेको भनी निवेदन दिन वा कारवाही चलाउन सकेको छैन। अदालतबाट कसूरदार ठहरी अन्तिम फैसला भएको लगभग ५ वर्षपछि निजको आमाको प्रस्तुत रिट परेकोबाट निज निर्दोष भएको वा अन्य कृष्ण गौतमको सट्टा कैदमा रहेको भनी मान्न सकिने तर्कसंगत् आधार नदेखिने।

बन्दीप्रत्यक्षीकरणको आदेश गैरकानूनी थुनामा रहेको देखिएमा त्यसरी थुनिएको व्यक्तिलाई थुना मुक्त गर्न अदालतबाट जारी हुने आदेश हो। प्रस्तुत मुद्दामा यी निवेदक कृष्ण गौतम मुद्दाको रोहमा सक्षम अदालतको फैसलाअनुसार कैदमा रहेको हुँदा त्यस्तो थुनालाई गैरकानूनी वा अधिकारविहीन थुना भन्न मिलेन। आफूउपर लगाइएको अभियोगमा पुनरावेदन तहको अदालत समेतबाट फैसला भई सो फैसलाबमोजिम भएको सजायलाई स्वीकार गरी कैदमा बसेको व्यक्ति कृष्ण गौतमलाई निजकी आमाको प्रस्तुत निवेदनको रोहमा सो फैसलाबमोजिमका कसूरदार यी निवेदक नभई अर्कै कृष्ण गौतम रहेछन् भनी अनुमानको भरमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने अवस्था प्रथम दृष्टिमा नै नदेखिँदा प्रत्यर्थीहरूबाट लिखित जवाफ मगाई रहन परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६९ साल पुस २३ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** २०६९-WO-०७१०, उत्प्रेषणयुक्त परमादेश, *धनबहादुर वि.क. वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

प्रहरी विशेष अदालतबाट भएको फैसला सदर गर्ने गरी गृहमन्त्रीबाट मिति २०६८/१२/१५ गते निर्णय भएकोमा सो निर्णयसमेत स्वच्छ सुनुवाइको सिद्धान्त विपरीत एवं गैरकानूनी तवरबाट भएकोले उक्त निर्णय बदर गरिपाऊँ भनी करिब नौ महिनापछि मिति २०६९/९/२२ मा मात्र प्रस्तुत रिट निवेदन परेको छ।

आफूलाई मर्का पर्ने गरी भएको निर्णयउपर अन्य वैकल्पिक उपचार नभएको वा भए पनि अपर्याप्त वा प्रभावकारी नभएको अवस्थामा त्यस्तो निर्णयमा चित्त नबुझ्ने व्यक्तिले निर्णयको वैधानिकतामाथि प्रश्न उठाइ रिट निवेदन दर्ता गर्न सक्ने संवैधानिक सुनिश्चितता नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) ले गरेको पाइन्छ। यी निवेदकले प्रहरी विशेष अदालत समेतबाट भएको फैसला एवं निर्णयबाट संविधान प्रदत्त पेशा रोजगारसम्बन्धी हकमा असर परेको भन्दै उक्त

फैसला एवं निर्णय बदर गरी पाउन माग गरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (२) बमोजिम प्रस्तुत रिट निवेदन दर्ता गरेको देखिन्छ । कुनै निकाय वा पदाधिकारीले गरेको निर्णयबाट मर्का पर्ने व्यक्तिले आफूलाई मर्का परेको कानूनसंगत् कारण भए सो उल्लेख गरी मनासिब समयभित्र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (२) बमोजिम अदालतमा रिट निवेदन दिइसक्नु पर्छ । बिना कारण ढिला गर्न हुन्न । विलम्बले समन्यायलाई परास्त गर्दछ भन्ने न्यायको मान्य सिद्धान्तअनुसार पनि मर्का पर्ने व्यक्तिले अदालतमा प्रवेश गर्न मनासिब कारण बिना ढिला गर्न हुन्न, समयमा नै अदालतमा प्रवेश गर्नुपर्छ । तर प्रस्तुत रिट निवेदकले आफूलाई सात वर्ष कैद सजाय हुने गरी अन्तिम फैसला भएको ९ (नौ) महिनापछि मात्र बिलम्ब गरी रिट निवेदन दर्ता गर्न ल्याएको देखिन्छ । तर यसरी बिलम्ब गरी रिट दर्ता गर्न ल्याउनु परेको औचित्यपूर्ण, वस्तुनिष्ठ एवं मनासिव आधार र कारण प्रस्तुत रिट निवेदनमा उल्लेख गर्न सकेको नदेखिँदा प्रथम दृष्टिमा नै बिलम्बको सिद्धान्त आकर्षित हुने हुँदा विपक्षीहरूबाट लिखित जवाफ मगाइरहन परेन । रिट खारेज हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६९ साल पुस २३ गते रोज २ शुभम् ।

## थुनछेक आदेश

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६९-RE-१७, लागू औषध, *नेपाल सरकार वि.लाले साह भन्ने निलेन्द्रकुमार कर्ण*

पुर्पक्ष निमित्त थुनामा रहेका राजकुमार राईले अदालत र अनुसन्धान अधिकारीसमक्ष वयान गर्दा समेत वरामद भएको लागू औषधयुक्त सामानहरू प्रतिवादी लाले साह भन्ने निलेन्द्रकुमार कर्णको पसलबाट ल्याएको र प्राप्त गरेको भनी वयान गरेको देखिएको, दसीको सामान बरामद भएकोमा विवाद नभएको र लाले साह भन्ने निलेन्द्रकुमार कर्ण हो भनी निजको श्रीमती सरिता कर्णले २०६८।८।११ को खानतलासी मुचुल्कामा रोहवर वसी सही गरेको देखिएको समेतका अवस्थामा पछि ठहरेबमोजिम हुने गरी पुर्पक्ष निम्ति थुनामा राखी कारवाही गर्नुपर्नेमा प्रतिवादीबाट धरौट माग गरी तारिखमा राख्ने भनी सिन्धुली जिल्ला अदालतबाट मिति २०६९।१।८ मा र पुनरावेदन अदालत जनकपुरबाट मिति २०६९।६।११ मा भएको आदेश मिलेको नदेखिएकोले उक्त आदेश बदर गरी दिएको छ । अव पछि ठहरेबमोजिम हुने गरी निज प्रतिवादीलाई मुलुकी ऐन अदालती वन्दोवस्तको महलको ११८ को देहाय २ बमोजिम पुर्पक्षका निम्ति थुनामा राखी कानूनबमोजिम गर्नू ।

इति संवत् २०६९ साल पुस २३ गते रोज २ शुभम् ।

## अन्तरिम आदेश

१.

**सम्माननीय का.मु.प्रधान न्यायाधीश श्री दामोदरप्रसाद शर्मा,** रिट नं.०६९-WS-००६२, उत्प्रेषण समेत, *कृषि सामग्री कम्पनी लि. कर्मचारी संघ केन्द्रीय समितिका तर्फबाट अख्तियारप्राप्त अध्यक्ष सुशीलदत्त मिश्र वि. मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

कृषि सामग्री कम्पनी लिमिटेडमा कार्यरत् कर्मचारी कार्यकारी प्रमुखमा नियुक्त भएमा संस्थानमा निजको पदाधिकार नरहने भन्ने पदपूर्तिसम्बन्धी मिति २०५९।१२।६ को सूचनाको क्रम संख्या ७ मा उल्लेख भएको व्यहोरासम्म तत्काल कार्यान्वयन

नगर्नू नगराउनू भनी विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल चैत २६ गते रोज २ शुभम्

२.

**सम्माननीय का.मु.प्रधान न्यायाधीश श्री दामोदरप्रसाद शर्मा,** रिट नं.०६९-WS-१०७१, उत्प्रेषण समेत, *अधिवक्ता बौधकृष्ण भगत वि.पुनरावेदन अदालत राजविराज समेत*

निवेदकको असहमति रहेको जग्गाहरूका सम्बन्धमा समेत सहमति रहेको भनी पुनरावेदन अदालत राजविराजबाट आदेश भएको देखिएकोले निवेदकको असहमति रहेको हदसम्म सप्तरी जिल्ला अदालतको मिति २०६८।१२।१७ को मुचुल्का प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नू नगराउनू भनी विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल चैत २६ गते रोज २ शुभम्

३.

**सम्माननीय का.मु.प्रधान न्यायाधीश श्री दामोदरप्रसाद शर्मा,** रिट नं.०६९-WS-१०७६, उत्प्रेषण समेत, *हरिशरण खत्री समेत वि.अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत*

निवेदकहरूले मिति २०३८।४।२२ मा गराएको विवादित जग्गाको नामसारी दर्ता बदर गरी नेपाल सरकारको नाममा कायम गर्न लेखी पठाउने भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०६९।११।२४ मा भएको निर्णय प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नू नगराउनू भनी विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल चैत २६ गते रोज २ शुभम्

४.

**मा.न्या.श्री सुशीला कार्की,** ०६९-wo-००६१, परमादेश समेत, *ऋचा उप्रेती वि.मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१३क को उपनियम (१) मा संशोधन गरी नियम २६९ग थप गरिएको व्यवस्था स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च) सँग बाझिएको भन्ने रिट निवेदन भएको देखिएको र सो संशोधित नियमावलीको व्यवस्था ऐजन नियमावलीको नियम १(२) बमोजिम तुरुन्त प्राम्भ हुने व्यवस्था भएको देखिँदा सो बमोजिम पदपूर्ति गरिएको रिट निवेदनको औचित्य समाप्त हुने भएकोले सुविधा सन्तुलनको हिसावले पदपूर्ति गर्ने कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल चैत २६ गते रोज २ शुभम

५

**मा.न्या.श्री सुशीला कार्की,** ०६९-wo-१०४४, उत्प्रेषण समेत, *सोमन्तराज घिमिरे वि.सामान्य प्रशासन मन्त्रालय समेत*

निजामती सेवा नियमावली, २०५० को मिति २०६८।१२।३ मा भएको दशौं संशोधनको नियम ३६ को उपनियम (१)(ख) बमोजिम मन्त्रालयस्तरको केन्द्रीय निकाय वा विभागले प्रत्येक वर्षको भदौ महिनामा सरुवा गर्नुपर्नेमा सो समयमा सरुवा नगरी भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६९।१२।८ को निर्णयानुसार मिति २०६९।१२।८ को पत्रबाट निवेदकलाई सरुवा गरेको देखियो । नियमावलीले निर्दिष्ट गरेको समयभन्दा वाहिर गई सरुवा गरेको देखिएको र उक्त नियमावलीको नियम ३६(१(ख) बमोजिम सरुवा गर्ने समयमा यी निवेदकको सरुवा हुन सक्ने नै हुँदा हाललाई सुविधा र सन्तुलनको

हिसावले मिति २०६९।१२।८ को निर्णय र सोही मितिको सरुवा पत्र कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल चैत २६ गते रोज २ शुभम

**रीत / वेरीत**

१.

**सम्माननीय का.मु.प्रधान न्यायाधीश श्री दामोदरप्रसाद शर्मा,** नि.नं.०६९-AP-०३४१, निषेधाज्ञा, *महेशबहादुर सिँह वि.जनप्रहार साप्ताहिक समेत*

निषेधाज्ञा मुद्दामा दुवै पक्षसँगको छलफलबाट अन्तरिम आदेश जारी नगर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६९।११।२८ मा भएको आदेश वेरीतको नदेखिएको, निवेदकलाई असर पर्ने गरी विपक्षीहरूबाट थप समाचार प्रकाशन भएको भन्ने पनि नदेखिएको र त्यस्तो अवस्था आएमा पुनरावेदन अदालतमा विचाराधीन निषेधाज्ञाको निवेदनबाटै उपचार पाउनसक्ने ।

इति संवत् २०६९ साल चैत २५ गते रोज १ शुभम्

२.

**सम्माननीय का.मु.प्रधान न्यायाधीश श्री दामोदरप्रसाद शर्मा,** नि.नं.०६९-AP-०३४७, नाता कायम समेत, *ममताकुमारी चौधरी वि. प्रेमकान्त चौधरी*

पितृत्व यकीन गर्न DNA परीक्षण गराईपाऊँ भनी पुनरावेदक प्रतिवादीले लिएको जिकीरतर्फ केही नबोली भएको शुरुको फैसला फरक पर्न सक्ने देखिएको भनी मुलुकी ऐन अ.वं. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाउने तथा प्रत्यर्थी वादी हाजीर भएपछि DNA परीक्षणका लागि पठाउने गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०६९।९।२५ मा भएको आदेश वेरीतको नदेखिएको हुँदा कैफियत प्रतिवेदन मागी रहनु पर्ने अवस्था नदेखिने ।

इति संवत् २०६९ साल चैत २५ गते रोज १ शुभम्

"मेलमिलाप गरौं, विवाद नबढाऔं"

– सर्वोच्च अदालत, मेलमिलाप समिति